मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३५१ ● २०८० साल कार्तिक २१ गते मंगलबार ● Tuesday 07, November 2023 ● सूर्योदय: बिहान ६:१८ बजे ● सूर्यास्त: साँझ ५:१७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## गृह मन्त्रालयले आरतीका परिवारजनलाई वार्ताका लागि बोलायो

*आरती साहको जनकपुरधाममा मृत्यु भएको थियो । मृत्यु शंकास्पद भएको र अनुसन्धानको क्रममा धनुषाका एसपी विश्वराज खड्का सहितका प्रहरी अधिकृतहरुले कुटपिट गरेको पीडित परिवारले दाबी गरेका छन् । खड्का सहितका प्रहरी अधिकृतहरुलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै शाहका बुवा र आमासहित परिवारका सदस्यहरु १ सय ४४ दिनदेखि काठमाडौँमा धर्ना बसिरहेका छन् । यसबारे प्रहरीका डिआईजी विकाशराज खनाल नेतृत्वका टिमले छानबिन गरिरहेको छ ।*

*आरतीको हत्या गरेको आरोपमा प्रहरीले उनको श्रीमान् र ससुरालाई पक्राउ गरेको थियो । उनीहरु अहिले पुर्पक्षका लागि थुनामा छन् ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आरती साह हत्या प्रकरणमा माइत पक्षले ससुरा पक्षमाथि हत्या गरेको आरोप लगाउँदै न्याय दिनका लागि महिनौँसम्म गरेको संर्घषपछि बल्ल गृह मन्त्रालयले वार्ताका लागि बोलाएको छ ।

गृह मन्त्रालयले आरती साहका बुवा विनोदप्रसाद साहलाई वार्तामा बस्नका लागि एक पत्र पठाउँदै आधिकारिक प्रतिनिधि तोकेर वार्तामा पठाउन आग्रह गरेको हो ।

आरती साहको हत्या घटनाको विषयमा छानबिन गर्नुका साथै केही विषय सम्बोधन भएको भन्दै मन्त्रालयले पत्रमा उल्लेख गरेको छ, 'यहाँहरुको गुनासो सम्बोधनार्थ थप छलफल गरी टुंगोमा पु¥याउनका लागि तपाईहरुको तर्फबाट आधिकारिक प्रतिनिधि पठाउनुपर्ने निष्कर्षका साथ घर फर्कने वातावरण तयार पार्ने गरी गृह मन्त्रालयमा आमन्त्रण गरिएको व्यहोरा जानकारी गराइन्छ ।'

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ स्थित ब्रह्मपुरी चोक बस्ने मोदीबाबु साहसँग विवाह गरेकी आरती साह जेठ ७ गते आफ्नै घरमा मृत अवस्थामा भेटिएकी थिइन् । आरती साहको दाइजोका कारण परिवारले हत्या गरेको माइती पक्षले दावी गर्दै आएको छ । आरती हत्या प्रकरणको छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने माग गर्दै माइत पक्षले राख्दै आएको छ । भने धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्का र तत्कालिन प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जिल्ला प्रहरी कार्यालयमा दुव्र्यवहार गरेको र पीडकसँग मोटो रकम लिई आरती साह हत्या प्रकरण मुद्दालाई कमजोर पारेको आरोप लगाउँदै आएको छ ।

यही माग राख्दै काठमाण्डौ स्थित माइत घरमा पीडत पक्षका परिवारजनहरु न्यायको माग राख्दै १४४ दिनसम्म धर्नामा बस्दै आएका थिए ।

# संघ सरकार घेर्ने मधेश सरकारको तयारी

## सबै दल भए एक जुट, प्रचण्डलाई १५ दिने अल्टिमेटम

**प्रमोद कुमार साह**
**जनकपुरधाम ।**
प्रदेशको निमार्ण भएसंगै सिन्को भाच्न नसकेको मधेश प्रदेश सरकार घटदो लोकप्रियता र प्रदेश संरचनानै खारेज गर्न जनमानस मार्फत माग बढ्न थालेपछि अन्ततः मधेश सरकार एक्सनमा आउने भएको छ । संघियताको कार्यान्वयनका लागि विभिन्न मांगहरु अगाडी सार्दै मधेश सरकार र यहाँका राजनितिकदलहरु संघिय सरकार विरुद्ध काठमाण्डौंमा अनसन बस्ने तयारी गरेको छ । सोमवार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा मुख्यमन्त्री सहित मधेश सरकारका मन्त्री र राजनितिक दलका सचेतकहरु सहितको बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाललाई १५ दिने अल्मिटम सहितको ज्ञापन बुझाउने तथा मांग सुनुवाई नभए काठमाण्डौंमा धर्ना दिने रणनिति बनाउने निर्णय गरेको छ ।



बैठकको विषयमा जानकारि दिदै मधेश प्रदेशका गृह,संचार तथा कानुन मन्त्री मोहम्मद समीमले संघियता धरापमा रहेको अवस्थामा मधेश प्रदेश सरकारले संघियतालाई जोगाउनका लागि सोमबार वृहत वैठक बसेको बताउदै शुक्रबार काठमाडौं जाने र प्रधानमन्त्रीलाई विज्ञप्ती बुझाई आफनो माग अगाडी सार्ने निर्णय गरिएको उनले बताए ।

मन्त्री समिमले सोमवारको बैठकले लगभग सहमती भएको मांगहरु थप स्पष्ट पार्दै बुधवार पत्रकार सम्मेलन गरि विस्तृत जानकारी गराउने र शुक्रवार प्रधामन्त्रीलाई ज्ञापन पत्र बुझाउने एक किसिमको सहमती भएको बताए । प्रधामन्त्रीलाई पहिला १५ दिने समय सिमा सहितको समय दिने र मांग सुनुवाई नभए धर्नाका कार्यक्रम मधेश सरकार, आवद्ध दलहरु र विपक्षीलाई समेत साथमा लिएर गरिने उनले बताए । उनले प्रहरी समायोजन देखि लिएर निजामती कर्मचारी,गुठी ,बन सम्वन्धी लगायतको माग सम्वोधन भएन भने अनसन बस्ने चेतावनी दिए । मन्त्री समिमले अघि थप्दैँ भने, 'शुक्रबार काठमाडौँ जान्छौ, प्रधानमन्त्रीलाई प्रेस विज्ञप्ति दिएर प्रहरी समायोजन, निजामति कर्मचारी, गुठी र वनसम्बन्धी बनेका कानूनहरु कार्यान्वयन गर्दै प्रदेशमा हस्तान्तरण गर्नुपर्ने हाम्रा मागहरु रहेका छन्, यी मागहरु तत्काल पुरा गर्नका लागि दुई सातासम्म समय अवधि दिने छौँ र माग पुरा नभएमा हामी अनसनमा बस्छौँ । हाम्रो माग पुरा नहुञ्जेलसम्म हामी काठमाडौँबाट फर्किनेवाला छैनौ ।'बैठकमा सहभागी माओवादी(केन्द्र)का संसदीय दलका नेता भरतप्रसाद साहले संघीयतालाई मजबुत र सुदृढ गर्न मधेश प्रदेशका दलहरूले महत्वपूर्ण कदम चाल्न लागेको जानकारी दिए । उनले प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र बुझाएको १५ दिनभित्र माग सम्बोधन नभए माइतीघर मण्डलमा धर्ना र मधेशको ८ वटै जिल्लामा धर्ना र विरोध प्रदर्शन गरिने बताए । 'यसपालि हामी आश्वासन लिएर मात्र फर्किन्नौं । प्रदेशको अधिकार नै लिएर आउँछौं,' माओवादीका नेता साहले भने,'संघीयतालाई बलियो बनाउन र प्रदेशको अधिकार लिन मधेश प्रदेशले अगुवाइ गर्ने अभियानमा सहभागिता जनाउन अन्य प्रदेशलाई पनि आह्वान गर्नेछौं ।'

यस बैठकमा सहभागी माओवादी(केन्द्र)का संसदीय दलका नेता भरतप्रसाद साहले संघीयतालाई मजबुत र सुदृढ गर्न मधेश प्रदेशका दलहरूले महत्वपूर्ण कदम चाल्न लागेको बताए । उनले प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र बुझाएको १५ दिनमा माग सम्बोधन नभए माइतीघर मण्डलमा धर्ना र मधेशको ८ वटै जिल्लामा धर्ना तथा विरोध प्रदर्शन गरिने बताए । त्यस्तै जनता समाजवादी पार्टी नेपालका तर्फबाट मुख्यमन्त्री यादव, कांग्रेसका प्रदेश अध्यक्ष एवं भौतिक पूर्वाधार तथा विकासमन्त्री कृष्णप्रसाद यादव, माओवादी(केन्द्र)का संसदीय दलका नेता साह, लोसपा नेपालकी प्रदेश सांसद रानी शर्मा तिवारी, नेकपा एकीकृत समाजवादीका संसदीय दलका नेतासमेत रहेका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्द न्यौपाने, जनमत पार्टीका प्रवक्तासमेत रहेका श्रम तथा यातायात मन्त्री चन्दन सिंह, एमालेका प्रमुख सचेतक लखन दासलगायतकाहरुको सहभागिता रहेको थियो । मुख्यमन्त्री समेतको सहभागिता रहेको बैठकमा गठबन्धन तथा मधेश सरकारमा आवद्ध दलका अगुवा नेताहरु, मन्त्री र सचेतकहरुको उपस्थिती थियो । बैठकमा प्रमुख प्रतिपक्षी एमालेका सचेतक लखन दासको समेत सहभागिता थियो । मधेश प्रदेश सरकारले संघ सरकारलाई दबाब दिनका लागि यस भन्दा पहिले पनि धर्ना को नाटक रचेका थिए तर संघ सरकारलाई केहि फरक नपर्ने बुझेपछि धर्ना स्थगित गरेका थिए । प्रहरी समायोजनको माग सहित मधेश प्रदेश सरकारले वि.स. २०७९ साउन २९ गते देखि तत्कालिन मुख्यमन्त्री लालबाबु राउतको अगुवाईमा प्रदेश प्रमुखको कार्यालयमा

*बाँकी पृष्ठ २ मा*




# 'मधेशलाई नेपालबाट अलग गर्न खोजियो'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री कृष्णप्रसाद यादवले मधेश प्रदेशलाई नेपालबाट अलग गर्न खोज्ने जस्ता प्रयास भइरहेको बताएका छन् ।



सोमबार जनकपुरधाममा राष्ट्रिय योजना आयोगले गरेको सोह्रौं योजना तर्जुमा सम्बन्धी आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री यादवले नेपालबाट मधेशलाई बाहिर राख्न खोजिरहेको आरोप लगाएका हुन् ।नेपाली काँग्रेसका संसदीय दलका नेतासमेत रहेका मन्त्री यादवले संघीय सरकारले जनसंख्याको आधारमा मधेश प्रदेशलाई बजेट नछुट्याएर भेदभाव गरेको बताए ।भौतिक पूर्वाधार तथा विकास मन्त्री यादवले भने, 'मधेश प्रदेशमा संघीय सरकारले १६ अर्ब रुपैयाँ विनियोजन गरी छुट्याएको छ, जबकी यहाँको जनसंख्या करिब ६१ लाख भन्दा बढि छ भने कर्णाली प्रदेशको जनसंख्या करिब १७ लाख रहेपनि त्यहाँको लागि १८ अर्ब रुपैयाँ विनियोजन गरी छुट्याएर भेदभाव गरेको हो ।'

त्यसैले बजेट विनियोजन जनसंख्याको आधार हुनुपर्ने उनको भनाइ छ ।

मन्त्री यादवले राष्ट्रिय योजना आयोगलाई आग्रह गर्दै जनसंख्याको आधारमा बजेट छुट्याउनका लागि संघीय सरकारलाई मधेश सरकारको तर्फबाट ध्यानाकर्षण गराउन भने ।

उनले मधेशलाई भेदभाव गर्दै सरकारले नेपालबाट बाहिर राख्न चाहि रहेको प्रयासहरु भइरहेको बताए ।उनले मधेश प्रदेशमा स्रोत साधनको कमी नरहेको पनि साधन स्रोतको भने अभाव रहेको बताए । यहाँ भौतिक पुर्वाधारलगायतकामा अत्यावश्यक रहेका सामग्रीहरु उपलब्ध गराएमा मधेश प्रदेश स्वयम् सक्षम रहेको भन्दै यहाँका युवा पुस्तासमेत विदेशिनुबाट बाध्य नहुनुपर्ने उनको तर्क छ ।भौतिक पूर्वाधार तथा विकास मन्त्री यादवले भने, 'मधेशमा प्राकृतिक स्रोतको अभाव नभएपनि साधनस्रोतको भने व्यापक अभाव रहेकाले यस तर्फ ध्यान दिन आयोगलाई आग्रह गर्न चाहन्छु, मधेशमा स्रोत साधनको अभाव छैन, तर साधन स्रोतको अभाव रहेकाले यस तर्फ गम्भीरतापूर्वक ध्यान दिएर आगामी योजनामा समेट्नका लागि आग्रह छ ।'

उनले मधेश प्रदेशमा यूवाहरुले अवसर नपाउँदा विदेशिनुपर्ने बाध्यता रहेकाले कृषिलगायतका क्षेत्रमा संघीय सरकारले ठोस पहल लिनुपर्ने समेत बताए । मधेश कृषि योग्य क्षेत्र रहेकाले यहाँ सिचाईको उचित व्यवस्थापन भएमा आकाशे पानीको भरमा किसानले दुःख नपाउने र मधेशमा पानीको अभाव कहिल्यै नहुने उनको भनाइ छ ।

उनले समयमा विदेशी ठेकेदारले काम सम्पन्न गरेपनि नेपाली ठेकेदारले भने वर्षदिन वितिसक्दापनि ठेक्का लिएको कामहरुसमेत निर्माण कार्य नथाल्दा विकासको गति लिन नसकेको बताए ।

उनले नेपाली ठेकेदारले लिएको ठेक्का अनुसार समयावधिमा कार्यसम्पन्न गर्ने आनाकानी गर्नेलाई बाध्यकारी व्यवस्थासहितको कानून आवश्यक रहेको औल्याएँ । पञ्च वर्षिय सोह«ौ योजना तर्जुमा कार्यक्रमबाट यस पटक स्थानीय, प्रदेश र संघको योजनालाई समेटेर एकले अर्काको बजेटलाई पहिचान गर्ने र यस आधारमा आगामी चार वर्षिय योजना निर्माण कार्यले गतिसमेत लिने राष्ट्रिय योजना आयोगले जनाएको छ ।

# महालक्ष्मी बचतको साधारणसभा सम्पन्न




मधेशदृष्टि
वीरगंज ।
महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड वीरगंजको २३ औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ ।
संस्थाका अध्यक्ष ईश्वरचन्द्र गौतमको सभापतित्वमा सम्पन्न कार्यक्रममा लेखा समिति संयोजक प्रद्युमन प्रसाद सेढाईले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।
कार्यक्रममा आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष ईश्वरचन्द्र गौतमले संस्थाको कुल आम्दानी ६ करोड १९ लाख र कुल खर्च ३ करोड ७९ लाख संचालन मुनाफा २ करोड ४० लाख भएको र सदस्यहरुलाई १८१% प्रतिशत लाभांश वितरण गर्न सफल भएको बताए । संस्थाले पूंजीकोष १८ करोड पुर्याएर गीतामन्दिर रोडको उत्तरतर्फमा पांच तल्ले आफ्नो कार्यालय भवन निर्माण गरेको जानकारी गराएको थियो ।
कार्यक्रममा पर्सा बचत तथा ऋण सहकारी सघंका अध्यक्ष राजेश पंडित संस्थाका शेयरधनी सदस्य वरिष्ठ अधिवक्ता देवेन्द्र लाल नेपाली प्रध्यापक उपेन्द्र पंडित लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# सयपत्री फुलको व्यवसायीक उत्पादन सुरु

मधेशदृष्टि
वीरगंज ।
दीपावली तथा तिहारमा सयपत्री फूलको माग बढी हुने गरेसँगै अहिले पर्साको सुदुरपश्चिम इलाका ठोरीका किसानहरुले सयपत्रीको व्यवसायिक उत्पादन शुरु गरेका छन् ।
गत बर्षको तुलनामा यस बर्ष झण्डै ३ गुणा फूल रोपिएपछि अहिले फूल तयारी अवस्थामा रहेको र दिपावली नजिकिएसँगै फुलले बजार नपाउने हो कि भन्ने चिन्ताले किसानहरु पिरोलिन थालेका छन् ।
अघिल्ला वर्षहरुमा बजारको माग अनुसार फुल उत्पादन गर्न नसकेका यहाँका किसानलाई यस वर्ष भने बजारको चिन्ताले पिरोलेको हो । उत्पादन राम्रो भएपनि बिक्री गर्न पर्याप्त बजार नहुँदा किसानलाई चिन्ता पर्न थालेको ठोरी गाउँपालिका वडा नम्बर ३, बुद्धनगरका किसान अरुण अधिकारीले बताए ।
अघिल्लो वर्ष १० क्विन्टल फूलको माग भएपनि ठोरीमा माल ५ क्विन्टल सयपत्री फुल उत्पादन भएको उनले बताए ।
सरकारले यस बर्ष भारतीय सयपत्री फूल आयातमा रोक लगाएको भए पनि खुलासिमाको कारण वीरगंज लगायत मधेशका मुख्य बजारहरुमा भारतीय फुल भित्रिने आशंकाले ठोरीका किसानहरुमा चिन्ता छाएको छ ।

# बाबा बैजुनाथ सुगर मिल्स सञ्चालनमा

सञ्जय मिश्रा
रौतहट
जिल्लामैं ठूलो उद्योगको रुपमा रहेको स्थानीय कटहरिया नगरपालिका ९ डुमरिया स्थित बाबा बैजुनाथ सुगर एन्ड केमिकल्स इन्डस्ट्रिज सञ्चालमा आएको छ। आईतवार विधिवत रुपमा मिलको ढोंगा पुजा गरिएको पछि आजदेखि चिनिमिल सञ्चालनमा आएको हो। ब्राह्मण द्वारा हिन्दु परम्परा अनुसार मन्त्रोच्चारण सहित मिलका निर्देशक अभय प्रकाश जैसवाल दम्पतीले ढोंगा पूजा गरेका थिए।
शुभ साईत अनुसार विधिवत ढोंगा पुजा पश्चात आजैदेखि मिल सञ्चालनमा आएको छ। उद्योग सञ्चालन गर्नुअघि प्रत्येक सिजनमा ढोंगा पूजा गर्ने प्रचलन रहेको छ । उखु क्रसिङ गर्नु अघि खरिद गरिएको उखु राखे ठाउँलाई मिल्सको भाषामा ढोंगा भन्ने गर्दछन् । पूर्ण बिधि विधान अनुसार ढोंगालाई पुजा गरेर मिल सञ्चालन गरेमा वर्षभरि बिना बाधा राम्ररी सञ्चालन हुने धार्मिक मान्यता रहेको पाइन्छ।
मिल सञ्चालनको क्रममा आईतवार सब भन्दा पहिले मिलमा उँखु ल्याएका कटहरिया ३ का एकजना किसान सोगारथ बैठा लाई निर्देशक अभय प्रकाश जैसवालले दोसाला ओढाएर सम्मान गरेका थिए।
बाबा बैजुनाथ चिनिमिल सञ्चालन भएदेखि नै घाटा बेहोर्दै आएपनि यस पटक १५ लाख कुईन्टल भन्दा बढी उँखु क्रसिङ गर्ने लक्ष्य सहित सञ्चालन गरिएको चिनिमिल सञ्चालन समितिका अध्यक्ष बैजु बाबरले बताएका छन।
उनले बिबिध कारणले गतवर्ष माल सातलाख कुईन्टल क्रसिङ गरी बन्द भएको थियो । गत वर्ष क्रसिङ भएको उँखु बापतको किसानलाई सम्पूर्ण भुक्तानी भइसकेको उनले बताएका छन।
नेपाल सरकारले दिँदैआएको अनुदानको केही बक्यौता रकम केहीदिन भित्रै भुक्तानी गराउने प्रक्रिया अगाडि बढाइएको अध्यक्ष बाबरले जानकारी दिएका छन। साथै यस सिजनमा उखु खेती गर्ने किसानको सुविधाको सुबिधा स्वरुप मिलले मलखाद , बीउ तथा ऋण स्वरुप खेती अनुसारको केही रकम समेत दिने योजना रहेको छ ।
समयमा उँखुको भुक्तानी नपाएर बिगतमा उँखु खेती गर्न छोडिसकेका दर्जनौ किसानहरु मिलले नियमित भुक्तानी दिनथाले पछि पुनः उँखु खेती गर्नाथालेको उनले बताए । यस सिजनमा पनि मिलमा चालान हुने उँखुको निर्धारित समयभित्र भुक्तानी तालिका अनुसार भुक्तानी दिने योजना अनुसार मिल सञ्चालन गरिएको अध्यक्ष बाबरले प्रतिबद्धता जनाएका छन् ।
बाबा बैजुनाथ सुगर एण्ड केमिकल ईन्डस्ट्रीज कटहरिया ९ डुमरियाका जिएम सियाराम साहले मिल सञ्चालनको पहिलो चरण आजदेखि उँखु ल्याउन किसानलाई चालान पुर्जी विरतण सुरुभएको बताएका छन।

# संघ सरकार घेर्ने मधेश...................

धर्नामा बसेका थिए । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको नेतृत्वमा प्रदेश सरकारका मन्त्रीहरु, प्रदेश सभा सदस्य सहितले प्रदेश प्रमुखको निवासमा धर्ना दिएका थिए ।
संविधानले प्रदेशको शान्ति सुरक्षा एवं प्रहरी व्यवस्थापनको जिम्मा प्रदेश सरकारको अधिकार भित्र रहेको सुनिश्चित गरेपनि संघ सरकारले प्रहरी समायोजन गरि प्रदेश सरकारलाई हस्तान्तरण गर्न आनाकानी गरि रहेको भन्दै प्रदेश सरकारले चरणबद्ध आन्दोलन सुरु गरेका थिए । मुख्यमन्त्री राउतले संविधान प्रदत अधिकार प्रदेशसरकारलाई संघीय सरकारको मनपरि विरुद्ध आन्दोलनमा उत्रिनु परेको बताएका थिए । २०७६ माघ २८ गते राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको प्रहरी समायोजन को कार्यान्वयन गराउनु उनको प्रमुख माग रहेको थियो ।
त्यतिबेला प्रदेश प्रमुखको कार्यालयमा बसेको धर्नामा भौतिक पूर्वाधार तथा विकासमन्त्री राम सरोज यादव, गृह तथा संचारमन्त्री भरत प्रसाद साह, खानेपानी तथा उर्जामन्त्री ओमप्रकास शर्मा, कानूनमन्त्री प्रमोद यादव, गृह तथा संचार राज्यमन्त्री रुबी कर्ण, जसपा प्रमुख सचेतक शैलेन्द्र यादव, प्रदेश सभा सदस्य चमेली देवी दास, प्रमिला दास, सरस्वती चौधरीसहितहरुको सहभागिता रहेको थियो ।

**मधेश सरकारद्वारा आन्दोलनको घुर्की**

संघियता बचाउनका लागि विभिन्न माग सहित मधेश सरकारले संघसरकारलाई पहिले पनि अनसनको चेतावनी दिईसकेको छ । तत्कालिन मुख्यमन्त्री राउतले सो समयका प्रधानमन्त्री केपी ओलीलाई गुनासो पत्रमा पठाएका थिए ।
मुख्यमन्त्रीको सपथ लिएको आठदिनपछि उनले तत्कालिन प्रधानमन्त्री केपी ओलीलाई लेखेको गुनासो पत्रमा लेखेका थिए,–'मधेश प्रदेश (प्रदेश २)को आफ्नै प्रकारको सुरक्षा संवेदनशीलता छ, यसबारे म प्रान्तीय सरकारको मुख्यमन्त्री र मेरा मन्त्रीमण्डलका साथीहरु वा प्रान्तका अन्य महत्वपूर्ण पदाधिकारीहरुको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न खोज्दा संघीय कर्मचारीबाट आवश्यक सहयोग हामीले प्राप्त गर्न नसकेको अनुभूति भएको छ ।
त्यतिमात्र नभएर समय समयमा अनावश्यकरुपमा प्रान्तीय सरकारको काममा अवरोध हुने गरी निर्देशनहरु पनि संघीय मन्त्रालयहरुबाट जारी हुने गरेका छन् ।'उनले प्रदेश सरकार बनेपनि प्रदेशलाई चाहिने कर्मचारी, श्रोत र साधनको ठूलो अभाव रहेको केन्द्रबाट खटाइएका कर्मचारीहरु अझै पनि प्रदेशमा काम गर्न नआएकोले त्यसको विकल्पमा आवश्यक सहयोग गर्न आग्रह गरेका थिए । मुख्यमन्त्री राउतले प्रधानमन्त्री ओलीलाई पत्र लेख्दा पनि मागको कुनै सुनुवाई नभएको भन्दै प्रधानमन्त्री विरुद्धमा अनसन बस्ने चेतावनी दिएका थिए ।
२०७४ वैशाख १५ गते जनकपुरधाममा गरिबी निवारण कोषले आयोजना गरेको एक कार्यक्रममा मुख्यमन्त्री राउतले केन्द्रीय सरकारले प्रदेश सरकारलाई असहयोग गरेको भन्दै त्यसको विरुद्ध अनसन बस्ने चेतावनी दिएका थिए ।

# रास्वपाको मधेश बैठक स्थगित




मधेशदृष्टि
वीरगंज ।
राष्ट्रिय स्वतन्त्र पार्टीले मधेशमा गर्न लागेको केन्द्रीय समिति र संसदीय दलको बैठक स्थगित गरेको छ । पार्टी संयन्त्र भूकम्प पीडितको उद्धार र राहतमा संलग्न रहेकोले बैठक स्थगित गरिएको सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।
कात्तिक २२ र २३ गतेका लागि मधेसमा केन्द्रीय समिति र संसदीय दलको बैठक बस्ने निर्णय पार्टीले गरेको थियो ।
अर्को बैठकमा छठ पछि बस्ने रास्वपाले जनाएको छ ।
महोत्तरीमा बैठक गर्ने गरि पार्टीले तयारी गरिरहेका बेला जाजरकोट र पश्चिम रुकुममा भूकम्पले मानवीय तथा भौतिक क्षति पुग्याएपछि बैठक स्थगित गरिएको हो ।
बैठक छठ पछि मात्रै बस्ने रास्वपाले जनाएको छ ।

# भुकम्पमा ज्यान गुमाउनेहरुको स्मरणमा दिप प्रज्वलन

मधेशदृष्टि
जनकपुरधाम ।
नेपाली काँग्रेसको भ्रातृ संगठन नेपाल तरुण दल धनुषाले शुक्रवार राती गएको विनाशकारी भुकम्पमा परी ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन् ।
सोमबार जनकपुरधाम स्थित जनक चोकमा जाजरकोट र रुकुम पश्चिममा गएको विनाशकारी भुकम्पमा परी ज्यान गुमाएकाहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै आयोजित दिप प्रज्वलन कार्यक्रममा तरुण दल धनुषाले घाइते भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामनासमेत गरेका हुन् ।
तरुण दल धनुषाका अन्जनी झाको अध्यक्षतामा भएको यस दिप प्रज्वलन कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका बोर्ड सदस्य वक्ता राकेश विक्रम साह, युवा नेता सोनु निधि, काँग्रेस धनुषाका प्रचारप्रसार विभाग सुजित मिश्रा, रामगुन यादव, शैलेन्द्र चोरवार यादव, संजिव कुमार यादव, अजय झा रंजन, बलराम गुप्ता, कराते प्रशिक्षक अखिल माढिकर्मी लगायतका तरुणहरुको उपस्थिती रहेको थियो ।

# शैक्षिक अवस्था प्रति सरोकारवालाहरुको चिन्ता

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशको शैक्षिक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सरोकारवालाहरुले साक्षर प्रदेश बनाउन व्यापक सुधार आवश्यक रहेको भन्दै विभिन्न प्रतिबद्धता जनाएका छन् । सोमवार मधेश प्रदेशको शैक्षिक अवस्था, चुनौती तथा आगामी कार्यदिशा सम्बन्धी संघ, प्रदेश, स्थानीय तह र सरोकारवालाहरुबीच वृहत शिक्षा सम्मेलनमा सहभागी सरोकारवालाहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् ।कार्यक्रममा बोल्दै मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेश यादवले मधेश प्रदेशको शैक्षिक अवस्था निकै कमजोर कर्णाली प्रदेशको हाराहारीमा रहेकाले साक्षर प्रदेश बनाउन संघ, प्रदेश र स्थानीय तह तीनवटै निकाय गम्भीर हुन जरुरी रहेको बताए । कार्यक्रममा मन्त्री यादवले प्रदेशलाई साक्षर प्रदेश बनाउन प्रदेश सरकारले निती तथा कार्यक्रममा समेत समेटेको र मन्त्रालयले बजेट समेत छुट्याएकाले यसप्रति सरोकारवाला निकायहरु पनि गम्भीर हुन जरुरी रहेको भने ।
प्रदेशलाई साक्षर बनाउन दुई चरणमा कार्यक्रम संचालन गरिने जानकारी दिदैं उनले प्रदेशको ऐन र नियमावली पनि चाँडै ल्याउने प्रतिबद्धता जनाए ।
सो कार्यक्रममा शिक्षा विकास निर्देशनालयका चूडामणि फुयाँलले प्रदेशलाई साक्षर बनाउन सबभन्दा महत्वपूर्ण भूमिका स्थानीय तहको रहेको कुरामा जोड दिए । यस्तै नगरपालिका महासंघ मधेश प्रदेशका अध्यक्ष प्रदीप यादवले प्रदेशलाई साक्षर बनाउन स्थानीय तहको महत्वपूर्ण भूमिका रहेपनि कानून आभावले केही गर्न नसकिएको बताए ।सो कार्यक्रमबाट चालु आर्थिक वर्षभित्रै प्रदेशलाई साक्षर प्रदेश बनाउने सहितका १० बुँदे प्रतिबद्धता पत्रमा समेत कार्यक्रममा सहभागी स्थानीयतहका जनप्रतिनिधि, कर्मचारी र प्रदेशका मन्त्री तथा सरोकारवालाहरुले हस्ताक्षर गरेका छन् । शिक्षाविद्हरु समेतको उपस्थिती रहेको कार्यक्रममा विभिन्न पालिकाहरुले समेत आफ्नो शैक्षिक गतिविधी र क्रियाकलाप सहितको प्रगती विवरण प्रस्तुत गरेका थिए ।

# लागु औषध सहित दुई पक्राउ



मधेशदृष्टि
वीरगंज ।
पर्सा प्रहरीले गत शनिवार राति अवैध लागु औषध खैरो हिरोईन सहित दुई जनालाई पक्राउ गरेको छ ।
प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर १६ रजतजयन्ती चोकमा चेकजाँचको क्रममा भारतको रक्सौलबाट वीरगंज तर्फ आउदै गरेका भारत विहार मोतीहारी नकरदेही थाना ग्राम भवानीपुर बस्ने २७ बर्षिय भुलावन पटेलले लुकाई छिपाई ल्याएको ५० ग्राम खैरो हिरोईन बरामद भएपछि निजलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता कुमार विक्रम थापाले जानकारी दिए ।
यसैगरी पर्सा प्रहरीले सोही स्थानमा भारतको रक्सौलबाट वीरगंज तर्फ आउदै गरेको अवस्थामा ९ सय ट्बलेट लागु औषध नाईट्रोभेट सहित बारा कलैया उपमहानगरपालिका वडा नम्बर ६ निवासी ३१ बर्षिय सन्तोष महतोलाई पक्राउ गरेको छ ।
पक्राउ परेका दुवै जनालाई अदालतबाट म्याद थप गरी लागु औषध सम्बन्धी कसुरमा आवश्यक कारवाही अगाडी बढाईएको डिएसपी एवं प्रवक्ता थापाले बताए ।

# सरकारद्धारा चिनीको आयात सहज



मधेशदृष्टि
वीरगंज ।
तिहार तथा छठ पर्वका लागि सरकारले चिनीको आयात सहज बनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको निरन्तर पहलपछि साल्टट्रेडिङ्ले खुद्रा व्यापारीलाई १० बोरासम्म चिनी बिक्री वितरणका लागि दिइने भएको छ । बजारमा चिनीको हाहाकार भएपछि उक्त कार्यालयले चिनी उत्पादक उद्योगसँग समन्वय गर्दै तीन हजार मेट्रिकटन चिनी साल्टट्रेडिङमार्फत किन्ने प्रबन्ध गरेको थियो । यसका साथै अवैधरुपमा भित्रिएको चिनीको खोजतलास गर्न उपत्यकाका तीनवटै जिल्लामा सुरक्षा निकायसँग समन्वय गरी विशेष अनुगमन टोली परिचालन गरिएका थिए । उक्त कार्यालयको समन्वयमा सबै निकायका प्रतिनिधि सम्मिलित उच्चस्तरीय अनुगमन टोलीले राजधानी काठमाडौँका विभिन्न स्थानमा अवैधरुपमा पठाइएका सयौँ बोरा चिनी बरामद गरेको थियो । उद्योगीबाट किनिएको चिनी साल्टट्रेडिङले आफ्ना 'आउटलेट', खुद्रा बिक्रेता सहुअन्तर्गतका केही पसल तथा खाद्य संस्थानबाट मात्रै बिक्री वितरण गरे पनि उपभोक्ताले लामो लाइन लाग्नुपर्ने अवस्था भएकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको समन्वयमा सबै खुद्रा व्यापारीलाई समेत १० बोरा चिनी बिक्री वितरणका लागि किन्न पाउने भएका छन् । यो चिनी प्रतिकिलो रु एक सय ४५ मा उपभोक्तालाई किन्न पाउनेछन् । व्यापारीले तोकिएका निर्धारित मूल्यभन्दा बढीमा बेचेको खण्डमा भने कारबाही हुनेछ ।

# चाडपर्व शान्तिपुर्ण रुपमा मनाउन सिडीओ रेग्मीको आग्रह



मधेशदृष्टि
वीरगंज ।
पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले चाडपर्व शान्तिपूर्ण रुपमा मनाउन आग्रह गरेका छन् । सगरमाथा टेलिभिजन वीरगंज र राष्ट्रिय सरोकार मञ्च नेपाल नारायणीले वीरगंजमा आयोजना गरेको शुभदिपावली, भाइटिका तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी रेग्मीले चाडपर्वको समयमा बढी घटनाहरु हुन प्रवृत्ति रहेकोले यसको नियन्त्रणमा समाजको पनि दायित्व र भूमिका हुने बताए ।
सगरमाथा टेलिभिजन पर्साका सम्वाददाता प्रणय कुमारको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहान, महासंघ मधेश प्रदेशका महासचिव श्याम बञ्जारा, नेपाल उद्योग वाणिज्य महासंघका मधेश प्रदेश अध्यक्ष अशोक टेमानी, निवर्तमान अध्यक्ष गणेश लाठ, वीरगंज उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष हरि गौतम लगायतको सहभागिता रहेको थियो ।

# छठपर्व अघिनै कर्मचारीको तलब दिइनेः कार्यवाहक मेयर खातुन

मधेश दृष्टि
रौतहट ।
प्रमुख प्रशासकीय अधिकृत विहिन बनेको रौतहटको फतुवा विजयपुर नगरपालिकाको उपमेयर अम्बेया खातुनले हिन्दूहरुको लोकपर्व छठ अघिनै कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयासमा रहेको बताएकी छन् । कार्यवाहक मेयर खातुन र वडा अध्यक्ष संगै कार्यपालिका सदस्य बीच तालमेल नमिलेको कारण खटाइएका प्रमुख प्रशासकीय अधिकृतले हाजिर गर्न नपाउँदा नगरपालिका प्रमुख विहीन बनेको हो ।
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत असोज २६ गते उपसचिव सुरेन्द्र प्रधानलाई त्यहाँको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएपनी जनप्रतिनिधि बिच बिवादको कारण प्रधानले हाजिर गर्न पाएनन् । प्रधानको सरुवा चिठीमा गत असोज २८ गते दर्ता गरेपछि निमित प्रमुख प्रशासकीय अधिकृत शम्भु यादव जिम्मेवारीबाट मुक्त भएका थिए । कार्यवाहक मेयर अम्बेय खातुन उपसचिव सुरेन्द्र प्रधानलाई हाजिर गराउने पक्षमा छन् भने वडाअध्यक्षहरु पुरानो हाकिम शम्भु यादव लाई हाजिर गराउने पक्षमा छन् । उपसचिव प्रधान पहिलेनै कार्यरत रहि कोरोना कालमा विभिन्न शीर्षकको लाखौं रकम अनियमितता गरेको आरोप लागेको छ ।
उता पहिलेका प्रमुख शम्भु यादव र तत्कालिन मेयर सँगै केही कांग्रेस नेताहरुको ईशारामा करोडौं रुपैयाँ अनियमितता भएको उपमेयर खातुन पक्षको दाबी छ ।
तत्कालीन मेयर गोपाल राय यादव अख्तियारद्वारा लालबकैया नदीको टेन्डरमा दोषी ठहर भएपछि निलम्बित भएदेखि नै जनप्रतिनिधि बीच सहमति नहुँदा हालसम्म नगरसभा समेत हुन सकेको छैन ।असार १० गते भित्र हुनुपर्ने नगरसभा हालसम्म पनि नहुँदा फतुवा विजयपुरमा कार्यरत शिक्षक सहित झण्डै ३५० कर्मचारीले तलब पाएका छैनन् भने लोकपर्व छठको मुखमा सामाजिक सुरक्षा भत्ता वितरण नहुँदा सैयौं वृद्ध वृद्धा एकल महिला लगायत कठिनाईमा परेका छन् । यसैबीच कार्यवाहक मेयर अम्बेया खातुनले लोकपर्व छठ अघिनै कर्मचारीको तलब तथा सामाजिक सुरक्षा भत्ता वितरण बारे कोष तथा लेखा नियन्त्रण कार्यालय गौरमा पहल भइरहेको बताएकी छन् ।
कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटका प्रमुख राजन कुमार फुयाँलले हालसम्म नगर तथा गाउँसभा नहुँदा फतुवाविजयपुर, बौधिमाई नगरपालिका र यमुनामाई गाउपालिकाका कर्मचारीहरु तलब पाउनबाट वञ्चित भएका छन् भने सामाजिक सुरक्षा भत्ता वितरण हुन सकेको छैन ।

# विद्यार्थीलाई किताब बोक्न नपर्दा ...



**रासस**
**मध्यविन्दु ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैँडाकोट–८ स्थित कालिका नमूना माध्यमिक विद्यालयमा कक्षा २ मा अध्ययनरत दिनेश बोहोरा हिजोआज झोलामा कपी, कलम मात्र बोकेर विद्यालय जाने गरेका छन् । विद्यालयले कक्षा ३ सम्म पढ्ने विद्यार्थीले झोलामा किताब बोकेर विद्यालय जान नपर्ने गरी व्यवस्था मिलाए पछि उनलाई हिजोआज सजिलो भएको छ । पहिले सबै किताब ल्याउँदा गाह्रो हुने गरेकोमा अहिले त्यो भार कम भएको उनको भनाइ थियो ।

छात्र बोहराले भने, 'किताब र खाजा विद्यालयमा नै उपलब्ध हुन्छ, अहिले कपी कलम मात्र लिएर आउँछु सजिलो भएको छ ।' चालु शैक्षिक सत्रदेखि कालिका नमूना माध्यमिक विद्यालय गैँडाकोट नगरपालिका–८ ले कक्षा ३ सम्म पढ्ने विद्यार्थीले झोलामा किताब बोकेर विद्यालय जान नपर्ने गरी व्यवस्था मिलाएको हो ।

विद्यालयको हरेक कक्षामा 'बुक कर्नर' बनाएर विद्यार्थीलाई आवश्यक पाठ्यक्रमका पुस्तक उपलब्ध गराउने गरिएको छ । पहिले झोला गहुँगो भयो भन्ने विद्यार्थी अहिले खुसी भएर विद्यालय आउने गरेका छन् । कक्षा २ मा अध्ययनत छात्रा वर्षा भुसाल पनि विद्यालयको सुविधाले खुसी छिन् । शिक्षकले किताब नल्याउन र स्कुलकै किताब पढ्न भने पनि उनी कहिलेकाहीँ किताब लिएर आउने गरेको जानकारी दिइन् । उनले भने, 'विद्यालयमै किताब छ तर कहिलेकाहीँ एक–दुई वटा किताब ल्याउँछौँ । तर हामीले कक्षामा नै किताब पाउँछौँ । कक्षा ३ मा अध्ययनत आदित्य गौतमले आफ्नै कक्षामा भएको 'बुक कर्नर'बाट जुन विषय अध्ययन गर्ने हो सोही किताब निकालेर पढ्ने गरेको जानकारी दिए । 'किताब घरमा छुट्यो भन्न पनि पर्दैन, स्कुलमा पाइन्छ अझै आफ्नै कक्षामा हुन्छ, आफैँ किताब निकाल्छु अनि साथीसँग मिलेर पढ्छौँ ।' बालबालिकालाई सहज सिकाइ गराउन कक्षा कोठामा नै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गरिएको विद्यालयका प्रधानाध्यापक प्रजानाथ कँडेलले जानकारी दिए ।

'बालबालिकालाई सहज तरिकाले सिकाइ गराउन यो व्यवस्था गरेको हो', उनले भने, 'अलिकति आर्थिक भार थप भएको छ, अर्को शैक्षिक सत्रदेखि अझ सहज हुने छ ।' अहिले विद्यार्थीको घरमा 'एक सेट' पुस्तक छ भने उनीहरूले विद्यालयमा पनि सोही किताब पढ्न पाउँछन् । विद्यालयमा यस शैक्षिक सत्रमा दुई विद्यार्थीका लागि एक सेट पुस्तक उपलब्ध छ भने २०८१ को शैक्षिक सत्रदेखि प्रत्येक विद्यार्थीलाई एक सेट पुस्तक उपलब्ध गराउने तयारी गरिएको प्रधानाध्यापक कँडेलले बताए । 'हामीले पहिले सोही कक्षामा पढेका विद्यार्थीले विद्यालयमा पुस्तक फिर्ता गराउनका लागि अभिभावकसँग सल्लाह पनि गरेका छौँ, अब अर्को शैक्षिक सत्रदेखि सहज हुन्छ', उनले भने, 'हामीले तीन कक्षासम्म मात्र नभई अब पाँच कक्षासम्म पनि त्यही प्रक्रियामा जाने योजना बनाउँदै छौँ ।' विद्यार्थीलाई सहज बनाउन विद्यालयले गरेको प्रयासलाई अभिभावकले पनि प्रशंसा गरेका छन् । गहुँगो झोला बोकेर विद्यालय जाँदा हुने सास्तीबाट विद्यार्थीले राहत पाएको अभिभावकको भनाइ छ ।

# कोरोनामा बन्द भएका फिल्म हल खुल्न सकेनन्



**रासस**
**कटारी ।**
कुनै समय उदयपुरको कटारीस्थित चन्द्र टाकिज हलमा फिल्म हेर्ने दर्शकको व्यवस्थापन गर्न हल सञ्चालकलाई हम्मेहम्मे पर्थ्यो । उदयपुरको पश्चिम क्षेत्र र सिन्धुलीको पूर्वी क्षेत्रका दर्शकहरुको यहाँ भीड लाग्ने गर्थ्यो । करिब तीनदशक यो हलले यस क्षेत्रमा निरन्तर मनोरञ्जन दिलाएको थियो । पछिल्लो समय कोभिड– १९ को सङ्क्रमणका कारण हल बन्द गर्नुपर्ने अवस्था आएपछि बन्द रहेको यो हल सञ्चालनमा आउन सकेको छैन । लामो समय कोरोनाका कारण बन्द भएपछि हल सञ्चालन गर्न नसकिएको हलका व्यवस्थापक उमेश कटुवालले बताउँछन् । कोरोना सकिएपछि प्रेमगीत ३ चलचित्र सञ्चालन गरे पनि हल मर्मत गर्नुपर्ने अवस्था आएकाले पुनःसञ्चालन गर्न नसकिएको उनको भनाइ छ ।

हल मर्मत गर्न आवश्यक रकमको अभावमा सञ्चालनमा ल्याउन नसकिएको उनी बताउँछन् । हल सञ्चालक प्रयास कार्की हलमा लगानी गर्ने सोचमा छैनन् । 'पाँच सात लाख रुपैयाँ लगानी गरेर नाफा आउने अवस्था छैन्', कार्की भन्छन्, 'एक्लो प्रयासले लगानी गर्दा अब हलबाट नाफा कमाउन सकिन्दैन ।' कटारीको मात्रै होइन जिल्ला सदरमुकाम गाईघाटमा पनि अहिले हल चल्न नसकेको लामो समय भयो । कोरोनाकाल सम्म जेनतेन चलेको गाईघाटको फिल्म हल पनि त्यसपछि सञ्चालनमा आउन सकेको छैन । गाईघाटमा पनि तीन दशकअघिको शुभलक्ष्मी हल अहिले जीर्ण अवस्थामा पुगिसकेको छ । शुभलक्ष्मी हल कमजोर बनेको भन्दै गाईघाटमा खुलेको बाबारानी हल पनि कोरोनाअघिदेखि नै बन्द छ । बाबारानीले हल हटाएर त्यस ठाउँमा अन्य व्यवसाय सुरु गरिसकेको छ । बाँकी एकमात्र शुभलक्ष्मी हलमा पनि लगानी गर्न नसकिने अवस्थामा पुगेको सञ्चालक जगदिश साह बताउँछन् । 'लगानी गरेर के गर्ने हिन्दीफिल्म चलाउन महँगो पर्छ, नेपाली फिलिमले लगानी पनि उठाउँदैन', उदयपुरका कलाकार मिथुन ठाकुर भन्छन्, 'जिल्लामा राम्रो हल नहुँदा मनोरञ्जन क्षेत्र अगाडि बढ्न सकेको छैन् ।' जिल्लाको पूर्वी क्षेत्रमा अहिलेसम्म कुनै हल नै सञ्चालनमा आउन सकेको छैन । पछिल्लो समय प्रविधिका कारण मोबाइलबाट नै मनोरञ्जन प्राप्त हुनेहुँदा हलमा लगानी गर्नसक्ने अवस्था नरहेको व्यवसायीहरु बताउँछन् ।

# अपाङ्गमैत्री सडक बनाउँदै खैरहनी



**रासस**
**चितवन ।**
पूर्वी चितवनको खैरहनी नगरपालिकाले नगरपालिकाभित्र सडकलाई अपाङ्गमैत्री बनाउन थालेको छ । नगरपालिकाले शारीरिकरूपमा अशक्त भएकाका लागि 'ह्विलचियर' मैत्री फुटपाथसहित सडकको स्तरोन्नति गर्न थालेको हो । खैरहनी नगरपालिकाभित्र खैरहनी चोकदेखि वाड नं १२ को कुमरोज पुग्ने सडक, चैनपुर चोक उत्तरतर्फ पुलदेखि बिन्दवासिनी चोक हुँदै शिवालय जाने सडक, सिमल टाँडी चोकबाट उत्तर दक्षिण दुवैतर्फको सडक, नगरपालिका गेटदेखि चैनपुर चोकसम्म पुग्ने सडक, मगनी चोकबाट उत्तर दक्षिण दुवैतर्फको सडक र चैनपुर चोकबाट माथि लदारी पुलसम्म जाने सडकलाई अपाङ्गमैत्री बनाउन लागेको नगर प्रमुख शशीकुमार खनियाले जानकारी दिएका छन् । ती सडकलाई नगर गौरवका योजनामा समावेश गरेर अपाङ्गमैत्री बनाउन लागेको उनले बताए । नगरपालिकाको क्षेत्राधिकार पर्ने आठ मिटरसम्मको सडकमा सकेसम्म सबै ठाउँमा अपाङ्गमैत्री सडक निर्माण गर्ने नगरपालिकाको योजना रहेको छ ।

नगरपालिकाभित्रका सडकलगायतका सबै भौतिक पूर्वाधारलाई स्थानीय कलासंस्कृति र मौलिकता झल्किने गरी अपाङ्गमैत्री, बालमैत्री बनाउँदै लैजाने गरी नगरपालिकाले योजना बनाएर कार्य गर्दै आएको छ । पेटीको बीचमा आँखा नदेख्ने व्यक्तिले लट्ठीको टेकेर हिँड्न मिल्ने ट्र्याक हुनुपर्ने सडकको मापदण्ड रहेको छ । धेरैजसो स्थानीय सडकमा फुटपाथ नै नहुने फुटपाथ भएका ठाउँमा पनि रुखसँगै पसल, पार्किङ, सामग्री थुपार्ने गरेकाले पैदलयात्रुलाई हिँड्न समस्या हुने गरेको छ । अपाङ्गमैत्री पैदलमार्ग निर्माणसँगै सडकको सौन्दर्यसमेत वृद्धि हुँदै गएको र यसबाट दुर्घटनामा समेत कमी आउने अपेक्षा गरिएको खैरहनी नगरपालिकाका उपप्रमुख कविता उप्रेतीले बताइन् । उनले पैदल मार्गको निर्माणले पैदलयात्री निर्धक्कसँग हिँड्न पाउने, बालबालिका र अपाङ्गसमेत थप सुरक्षित हुने वातावरण बन्ने बताइन् । निर्माण भइरहेका अपाङ्गमैत्री आयोजनाको नाला निर्माण, फुटपाथ निर्माणको कार्य सम्पन्न भइसकेको र अस्पाल्ट कालोपत्रको काम बाँकी रहेको नगरपालिकाका इन्जिनियर सुमन श्रेष्ठले जानकारी दिए ।

अपाङ्गमैत्री सडक निर्माणको लागि आव २०८०÷८१ मा नौ करोड रुपैयाँ बजेट विनियोजन भई निर्माण भइरहेको नगरपालिकाले जनाएको छ ।

# 'अहिलेसम्म राहत पाएको छैन'



**रासस**
**जाजरकोट ।**
शुक्रबार राति अकल्पनीय रुपमा गएको भूकम्पले नलगाड नगरपालिका–६ गराग्लीका शेरबहादुर रावलले परिवारका चार सदस्य अकालमा गुमाउनुपऱ्यो । आमा सितली, भाउजू कल्पना, छोरी गुन्जन र छोरा टाइजनलाई एकै पटक गुमाउनुपर्दाका पीडामा उनी छन् । दिनभरिको कामको थकानले सबै सुतिरहेको समयमा एक्कासि आएको भूकम्पमा परेर उनले अधिकांश परिवारका सदस्य गुमाउनुपऱ्यो । उनको सात जनाको परिवारमध्ये तीन जना मात्र मृत्युको मुखबाट बाँच्न सफल भएको छ । शेरबहादुरका पिता कृतिबहादुर, छोरी स्मृति गम्भीर घाइते भएका छन् भने दाजु विवश घर बाहिर भएका कारण ज्यान बचेको छ । शेरबहादुरले भने, 'मैले अहिलेसम्म राहत पाएको छैन ।' घर भत्किएर तहसनहस भएपछि किरिया पुत्रीसमेत खुला आकाशमै बस्नुपरेको छ । कुनै पनि निकायबाट अहिलेसम्म पालगायतका सामग्री नपाएको उनले बताए । उनले दुखेसो पोखे, 'सबै निकायलाई समस्या बताउँदा पनि कुनै पनि सहयोग पाएको छैन ।' त्यस्तै नलगाड नगरपालिकामा सात हजारभन्दा बढी पालको आवश्यक पर्ने भए पनि हालसम्म मुस्किलले दुई सय ५० मात्र पुगेको जनाइएको छ । नगरपालिकाको योजना शाखाका प्रमुख नारायण खत्रीले पालको आवश्यकता भएको बताए । एकद्वार प्रणालीको नाममा सदरमुकाममा राहत सामग्री थन्क्याएर राख्ने तर पालिकासम्म नदिँदा पीडितले राहत पाउन नसकेको अवस्था रहेको जनाइएको छ । नलगाड नगरप्रमुख डम्बर रावतले भने, 'नगरपालिकाले सक्ने काम गरिरहेको छ, हाम्रो क्षमताभन्दा बाहिर हामी कसरीसक्छौँ ।' नलगाड नगरपालिकाको १ देखि ७ वडासम्म भूकम्पले धेरै क्षति पुऱ्याएको छ । तीन दिन बित्न लाग्दासम्म पीडितलाई त्रिपालसम्म पाउन सकिएको छैन नलगाड नगरपालिका–६ कि किशोर रावलले गुनासो गरे । 'मिडियामा राहत व्यापक आयो भन्ने छ, तर यहाँ केही पुगेको छैन । हामी हल्लाले बाँच्ने होइन बरु, मर्ने सम्भावना बढ्यो ।' अहिलेसम्म नलगाड नगरपालिकाको तथ्याङ्क अनुसार ६८ घाइते भएको र ५४ जनाको मृत्यु भएको जनाइएको छ । भूकम्पको केन्द्रविन्दु बारेकोट गाउँपालिका–१ रामीडाँडा भए पनि नलगाड नगरपालिकामा बढी क्षति हुन पुगेको छ । भूकम्प पीडित बस्तीमा सञ्चार सेवासमेत प्रभावकारी नहुँदा काम गर्न निकै मुस्किल भएको नगरप्रमुख रावतले बताए । धेरै पटक टावर माग गरियो तर अहिलेसम्म सुनुवाइ नभएको उनको भनाइ छ । त्यस्तै भूकम्पको केन्द्रविन्दु बारेकोट गाउँपालिका–१ रामीडाँडा सिर्पाचौर बस्तीका ५१ वर्षीय दलबहादुर घर्ती शुक्रबार मध्यरातको मिठो निद्रामा थिए । त्यही राति ११:४७ मा रामीडाँडालाई केन्द्रविन्दु बनाएर आएको ६ दशमलव ४ रेक्टरस्केलको भूकम्पको झट्काले दलबहादुरसँगै सिङ्गो बस्तीको निद्रा बिथोलियो । भूकम्पको कम्पन नसकिँदै दलबहादुर जोगाउन झ्यालबाट हाम फालेर भागेको सुनाए । परिवारका सबै सदस्य कताबाट बाहिरियो आफूलाई अत्तोपत्तोसमेत नभएको उनको भनाइ छ । वर्षौंदेखि बसिआएको पुर्खौली घर एकाएक तहसनहस भयो ।

भूकम्पको केन्द्रविन्दु रामीडाँडा क्षेत्रका अधिकांश बासिन्दाको अवस्था दलबहादुरको जस्तै छ । केन्द्रविन्दु भएर पनि मानवीय क्षति भएको छैन । भौतिक क्षति पनि जाजरकोटकै नलगाड र रुकुम पश्चिमको आठविसकोटको भन्दा कम छ । बारेकोट गाउँपालिका अध्यक्ष वीरबहादुर गिरी तुलनात्मक हिसाबले अन्य ठाउँको भन्दा केन्द्रविन्दु भनिएको ठाउँमा कम क्षति भएको बताए । 'केन्द्रविन्दु नजिकैको बस्ती सिर्पाचौरमा भूकम्पबाट सात जना घाइते भएका छन् । त्यसमध्ये अवस्था गम्भीर भएका तीन जनालाई थप उपचारका लागि सुर्खेत पठाइएको छ । बाँकीको स्थानीय स्वास्थ्यचौकीमा नै उपचार भइरहेको छ', अध्यक्ष गिरीले भने, 'घर ढलेका छैनन् भनेर हेर्ने हो भने क्षति कम छ । तर कुनै पनि घर बस्न लायक छैनन् । अहिले यहाँ करिब एक हजार घर परिवार विस्थापित भएका छन् । उनीहरूको व्यवस्थापन मुख्य चुनौती हो ।' उनले करिब एक सय वटा घर पूर्णरुपमा भत्केका र चारभन्दा बढी घर चर्किएका बताए । 'यसरी हेर्दा क्षतिभन्दा जोखिम धेरै छ', उनले भने, 'घर उभिएका मात्रै छन् । चर्किएका घर भत्किएका छैनन् भन्ने मात्रै हो ।' भूकम्पले घरमा चिरा पारेपछि बारीको कान्लामा टालेको पुरानो पाल टाँगेर रात कटाइरहेकी ६१ वर्षीया रामकुमार घर्तीले बताए । 'हामीलाई त्रिपालको समस्या छ । गाई राति नै वनतिर धपाइदियौँ । अहिले बाख्रा कहाँ राख्ने भन्ने समस्या भएको छ', उनले भने, 'आफू त पाल टाँगेर बसौँला । गाई कहाँ राख्ने, बाख्रा कहाँ राख्ने ? अब हिउँ पर्ने बेला भयो, चिसो बढेको छ । बाँच्ने कसरी, बचाउने कसरी ? चिन्ता लागेको छ ।' उहाँ जस्तैजस्तै सिर्पाचौरका अधिकांश बासिन्दाले आफ्ना गाईवस्तुलाई जङ्गलतिर धपाएका छन् । खुला चौर र बारीको कान्लामा टाँगेको पालभित्र खाना बनाएर खान्छन् र त्यहीँभित्र निदाउँछन् । बारम्बार भूकम्प आइराख्ने हुँदा घरभित्र छिर्ने अवस्था छैन । उद्धारकर्मीले क्षतिको प्रारम्भिक विवरण सङ्कलन गरिसकेका छन् । तर जाजरकोटकै नलगाड र रुकुम पश्चिमको आठविसकोटलगायत क्षेत्रमा क्षति धेरै भएकाले उद्धारकर्मी त्यतै केन्द्रित भएका छन् ।

मानवीय क्षति कम भए पनि भौतिक क्षतिले तहसनहस बनाएपछि चिसोमा रात कटाइरहेका रामीडाँडाका प्रभावित अहिले राहत र पुनः स्थापनाको प्रतीक्षामा छन् । हालसम्मको भूकम्पबाट जाजरकोटमा एक सय पाँच जनाको मृत्यु भइसकेको छ । भौतिक संरचनाको क्षतिको विवरण अझै आउन सकेको छैन ।

# विद्यालयमा फूल खेती



**रासस**
**धादिङ ।**
अघिल्लो वर्षसम्म वनमारा र कुरोले ढाकिएको चौरमा अहिले ढकमक्क सयपत्री र मखमली फुलेको छ । विद्यालय भवन वरपरका खाली जमिन अहिले फूलैफूलले ढाकिएको छ । शिक्षक र विद्यार्थी पनि फूलको हेरचाहमा तल्लिन छन् । यहाँका शिक्षक तथा विद्यार्थीहरु भन्छन् 'फूल खेती हाम्रो आम्दानीको श्रोत मात्रै होइन, व्यवहारिक र सैदान्तिक ज्ञान प्राप्तिको अवसर पनि हो ।' धादिङको ज्वालामुखी गाउँपालिका–५ मा रहेको बालादेवी माध्यामिक विद्यालयका शिक्षक र विद्यार्थीले पढ्दै कमाउदै कार्यक्रमअन्तर्गत विद्यालय परिसरमा रहेको खाली जग्गामा फूल खेती गरेका हुन् । कक्षाकोठाको पढाई सँगसँगै फूलखेतीमा रमाइरहेकी विद्यार्थी अस्मिता कुमाल भन्छिन्, 'फूल खेतीबाट हामीले व्यवहारिक ज्ञान पनि सिकेका छौँ ।' गत वर्षदेखि स्थानीय तहको सहयोगमा सुरु गरिएको पढ्दै कमाउदै कार्यक्रमअन्तर्गत विद्यालयमा यो वर्ष तिहारलाई लक्ष्य गरेर फूल खेती गरिएको हो ।

दशैँ–तिहारको बीचमा प्राय सामुदायिक विद्यालय बन्द भएपनि यो विद्यालयको पढाई निरन्तर चलिरहेको छ । विद्यालय बन्द गर्दा फूलको हेरचाहमा कमी हुने र विद्यार्थीको पढाइमा पनि असर पर्ने भएकोले निरन्तर कक्षा संचालन गरिरहेको विद्यालयका प्राधानाध्यापक शिवलाल श्रेष्ठ बताउँछन् । पन्ध्र हजार सयपत्री र पाँच हजारभन्दा धेरै मखमलीका बिरुवा रोपिएका छन् । यसले विद्यालयलाई आम्दानी बढाउनाका साथै कक्षाकोठामा किताबी ज्ञान मात्र लिने विद्यार्थीलाई व्यवहारिक शिक्षा पनि दिलाएको छ । 'विद्यालय सुधार योजना बनाउँदा नै फूल खेती र तरकारी खेती गर्ने कुरा समावेश गरेका थियौँ । त्यसैअनुसार वडा कार्यालयले दुई लाख रुपैयाँ बजेट पनि छुट्याइदिएको छ', उनी भन्छन्, 'त्यसले अझ हौसला बढायो । फूल खेतीले यो वर्ष तीन लाख रुपैयाँभन्दा बढी आम्दानी लिने लक्ष्य लिएका छौँ ।' फूल खेतीले स्थानीय पाठ्यक्रमलाई पनि सहयोग पुऱ्याएको छ । विद्यालय परिसरमा ढकमक्क फुलेको फूलले आकर्षण त थपेको छ नै यसबाट हुने आम्दानीले विद्यालयमा हुने अतिरिक्त शैक्षिक गतिविधिमा पनि सहयोग पुगेको छ ।

आठदेखि दश कक्षासम्म अध्यन गर्ने विद्यार्थीहरुलाई दैनिक केही समय उपार्जनको काममा सहभागी गराउदै आइएको छ । यसले विद्यार्थीलाई सैद्धान्तिकसँगै व्यवहारिक शिक्षा दिलाएर आफ्नो घर र  पनि काम गर्न र अरुलाई सिकाउन सकोस् भन्ने उद्देश्यले पनि विद्यार्थीहरुकै सहभागितामा फूल खेती गरिएको प्रधानाध्यापक श्रेष्ठको भनाइ छ । पढ्दै कमाउँदै कार्यक्रमबाट विद्यालय र विद्यार्थीलाई सिर्जनशील बन्न त मद्दत गरेको छ नै जताततै बाँझो हुँदै गएको जमिनलाई अम्दानीसँग जोड्न र युवालाई स्वदेशमै आयआर्जनमा लाग्न प्रेरितसमेत गरेको छ ।

हातको भाग्यरेखामा विश्वास नगरौं, भाग्य त हात नहुनेको पनि हुन्छ। कर्म गरौं, कर्मले नै भाग्य बनाउँछ।

– प्रबिन बानियाँ

## सम्पादकीय

# राहत वितरणमा ढिलाई नगर

संसदीय समितिले पश्चिम नेपालमा आएको विनाशकारी भूकम्प पीडितहरुलाई एकद्वार प्रणालीबाट राहत वितरण गर्न सरकारलाई निर्देशन दियो । बैठकले राहत, उद्धार र पुनःस्थापना कार्यलाई पनि प्रभावकारी बनाउन सरकारलाई निर्देश गर्यो । समितिले विपदको यस घडीमा मानवीय सहायता उपलब्ध गराउन पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, सहयोगदाताहरुलाई अपिल पनि गरेको छ । यता, भूकम्पबाट प्रभावित जाजरकोट र रुकुमपश्चिममा राहत वितरणमा ढिलाइ हुँदा नागरिकको दैनिकी कष्टकर बन्न थालेको छ । राहत वितरणमा ढिलाइ हुँदा आफन्तसँगै घरबास गुमाएकाहरु खुला आकाशमुनि भोकभोकै बस्न बाध्य भएका छन् । सरकारले एकद्वार प्रणाली अपनाउने भन्दै अहिलेसम्म यहाँ कसैलाई राहत वितरण गर्न दिएको छैन । भूकम्प पीडितका लागि सरकारी तथा गैरसरकारी संस्थाले दिएको राहत वितरण गर्नका लागि पीडितको रेकर्ड नहुँदा समस्या भएको हो । गएको शुक्रवार राति ११ बजेर ४७ मिनेट जाँदा गएको ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा धेरै असर परेको छ । शुक्रवार रातिदेखि नै प्रभावितहरु घर बाहिर छन् । केहीले टेन्ट, त्रिपाल पाए पनि धेरैजसोले नपाएको गुनासो गरेका छन् । यस्तै, ओढ्ने ओछ्यान नहुँदा चिसो भुइँमा पीडितहरुले रात कटाइरहेका छन् । चिसोका कारण सुत्केरी, गर्भवती, बालबालिका र ज्येष्ठ नागरिक बढी समस्यामा परेका छन् । भूकम्प पीडितहरु राहतको पर्खाइमा छन् । खाद्यान्नलगायत राहत नपुग्दा पीडितहरू मर्कामा परेका छन् । चिसोमा रात कटाउन उनीहरूलाई मुस्किल परेको छ। भूकम्प पीडितहरूका लागि भनेर विभिन्न संघसंस्थाले जाजरकोटमा राहत पुर्याएका छन् । तर, वितरणमा ढिलाइ भएको छ । पीडित समक्ष छिटोभन्दा छिटो राहत पुर्याउन लागि परेको स्थानीय सरकारले जनाएका छन् । राष्ट्रमा विपद् परेको बेला राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्था, विभिन्न मित्र राष्ट्रहरुले राहत सामग्री पढाएका छन् । तर, सरकारको एकद्वार प्रणालीले वितरण गर्ने नीतिले राहत वितरणमा ढिलाई हुँदा पीडितहरु छट्पटिएका छन् । एक त विकट ठाउँमा राहत पुर्याउन कठिनाई हुँने त्यसमा पनि यतिका दिन वितिसक्दापनि राहत नपुग्नाले पीडितहरुलाई झन पीडा दिएको छ । खुल्ला आकाशमुनी भोकभोकै बस्न बाध्य छन् पीडित परिवार । २०७२ को विनाशकारी भूकम्पबाट सरकारले खोज तथा उद्दार, राहत वितरण र पुनःस्थानपनाबारे केही पाठ पकै पनि सिकेको हुनु पर्छ । तर, जाजरकोट भूकम्पमा सरकारको सक्रियता मात्र देखिएको छ, परिणाम सन्तोषजनक र प्रभावकारी छैन । राहतमा ढिलाई हुँदा सरकारको काममाथि प्रश्न उठन थालेको छ । भूकम्प लगतै विभिन्न संघ संस्थाले राहत र आर्थिक सहयोग घोषणाको बाढी नै ल्याए तर प्रभावित क्षेत्रमा राहत पुग्न सकेको छैन । पश्चिम नेपालमा वर्षौंयता कायम भूकम्पीय जोखिमप्रति विज्ञहरूले बारम्बार सचेत गराएका थिए । पश्चिम नेपालको भूसतहमुनि ५०० वर्षयता भूकम्पीय शक्ति सञ्चय भइरहेको वैज्ञानिक अध्ययनहरूले देखाएका भन्दै विज्ञहरूले त्यसले आठ वा त्योभन्दा बढी म्याग्निट्यूडको भूकम्प निम्त्याउन सक्ने क्षमता राख्ने भएकाले पूर्वसावधानी अपनाउनुपर्नेमा जोड दिएका थिए । यति हुँदा हुँदै पनि सरकारले त्यसप्रति ध्यान नदिएको र भूकम्पको क्षति न्युनिकरण गर्न पूर्व तयारी समेत नअपनाएको देखिएको छ । सरकारले राहत वितरणमा एकद्वार नीति अपनाएपनि समयमा राहत वितरण गर्न नसक्दा पीडितलाई सरकार नै नभएको अभाष भइरहेको छ । तसर्थ, सरकारले छिटोभन्दा छिटो पीडित परिवारसम्म व्यवस्थित तरिकाले राहत वितरण, घाइतेको उपचार र पुनःस्थापनामा तदारुकता देखाउन आवश्यक छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

# भूकम्पमा बाँचेकाहरु भन्छन् :

## ‘भाग्यले बचायो, अस्पतालसम्म आइपुगेका छौँ अब त केही नहोला कि’



रुपनी जिएम

जानकी (बाँके), २० कात्तिक : ‘भूकम्प जाँदा घरमा हामी पाँच जना सुतिरहेका थियौँ । अचानक घर हल्लायो । सपना जस्तै लागेको थियो । उठ्न नभ्याउँदै घर भत्कियो । हाम्रो घर गल्यामगुर्लुम्मै ढल्यो । रुवाबासी मच्चियो । माथिबाट खसेको काठ तेर्सो परेको हुनाले हामी बाच्यौँ । आमा र दाई च्यापिनुभयो”, ओठ कपाउँदै अनि आँखभरि आँशु बनाउँदै आफ्ना पीडा सुनाउनुभयो भेरी नगरपालिका–१ जाजरकोटकी यमुना रावलले ।

छब्बीस वर्षीया यमुनाको भनाइअनुसार शुक्रबार राति भूकम्प जाँदा माथिल्लो दुई कोठामा आमा र ठूल्दाइ सुत्नु भएको थियो भने तल उहाँको तीन जना परिवार । भूकम्पले घर हल्लाउँदा यमुनालाई भने सपनामा आफू काँपेको झैँ लागेको थियो । जब अचानक घरको माथिल्लो भाग खस्यो त्यसपछि सबै घर भत्कियो ।

भाग्न नपाउँदै घरले उहाँको परिवारका सबै सदस्यलाई पुरिसकेको थियो । उहाँले थरथर ओठ कमाउँदै आफ्ना पीडा सुनाउनुभयो, ‘‘हामी भाग्नै पाएनौं । म, मेरो श्रीमान र छोरालाई त माथिबाट खसेर तेर्सिएको काठले बचाएको हो ।’’ शनिबार दिउँसो अस्पतालको प्राङ्गडमा बिरामी श्रीमान्लाई खाना बोकेर जाँदै गर्नुभएकी यमुनाले श्रीमान्को दाँहिने कोखामा काठले चोट लागेको बताउनुभयो । भूकम्पमा परेर उहाँको दाँहिने टाउकोमा र दाहिने खुट्टामा पनि चोट लागेको छ ।

यमुना विस्तारै हिँडडुल गर्न सक्नुहुन्छ भने उहाँको श्रीमान्लाई नेपालगञ्जस्थित भेरी अस्पतालमा भर्ना गरिएको छ । छोरालाई खासै चोट नलागेको हुनाले यमुनाले छिमेकीको भरमा जाजरकोट नै छाड्नु भएको छ । एउटै घरमा साँझको खाना खाएर सँगै सुतेका आमा र दाइलाई गुमाउनु पर्दाको पीडाले सताएको त छ नै । नसोंचेको घटना भयो । आमा र दाइलाई गुमाउनु पर्दा असैह्य पीडा भएको यमुनाले रुँदै बताउनुभयो । उहाँ भन्नुहुन्छ, “अस्पतालसम्म श्रीमान्लाई ल्याएर उपचार गराउन पाएकोमा उहाँलाई केही हलुको भएको छ । अब त उहाँलाई केही हुँदैन जस्तो लागेको छ ।” छोरालाई अरुको जिम्मा लाएर आफू नेपालगञ्ज श्रीमान्को उपचारमा आएकी यमुनालाई भूकम्पले अझै तर्साइरहेको बताउनुहुन्छ । उहाँ बेलाबेलामा एकोहोरो हुने, डराइरहेको जस्तो देखिनुहुन्छ । नलगाड नगरपालिका–१ जाजरकोटका यादव महराको अवस्था पनि उस्तै छ । भूकम्पले गाउँमा धेरैको ज्यान गए पनि उहाँका परिवारका सबै सदस्य सकुशल नै छन् । छोराको टाउकोमा भने चोट भने लागेको छ । “भूकम्प जाँदा होश नै भएन । बचाउन त सबै परिवारलाई बचाएँ तर छोरालाई टाउकोमा चोट लाग्न पुग्यो । अस्पतालसम्म आइपुगेका छौँ । केही दिनमा ठीक होला भन्ने विश्वास छ”, उहाँ भन्नुहुन्छ ।

छोरालाई पीडामा छट्पटाएको देख्न सकिरहेको छैन भन्नुहुन्छ यादव । सानो छोरालाई चोट लाग्नुभन्दा बरु आफूलाई किन लागेन भन्दै अस्पतालको सिंढी बसेर रोइरहनु भएका यादवले उपचारमा खटिनुभएका चिकित्सकसँग जसरी भए पनि छोरालाई निको बनाइदिन आग्रह गर्दै गरेको दृश्यले सबैलाई भावुक बनाइरहेको हुन्छ । ‘‘भूकम्प जाँदा हामी सबैजना घरमै सुते पनि निदाएका भने थिएनौं । एक्कासी भूकम्प गएको क्षणभरमै घर भत्कियो । मैले चनाखो भएर भत्किएको घरबाट आफना बच्चाहरु र श्रीमतीलाई निकाल्न सफल भएँ । तर मेरा साढे तीन वर्षको छोरोलाई भत्किएको घरको ढुङ्गाले टाउकोमा चोट लाग्यो’’ यादवले रुँदै छोरालाई लागेको चोटको कथा सुनाउनुभयो ।

> “अस्पतालसम्म श्रीमान्लाई ल्याएर उपचार गराउन पाएकोमा उहाँलाई केही हलुको भएको छ । अब त उहाँलाई केही हुँदैन जस्तो लागेको छ ।”
> “भूकम्प जाँदा होश नै भएन । बचाउन त सबै परिवारलाई बचाएँ तर छोरालाई टाउकोमा चोट लाग्न पुग्यो । अस्पतालसम्म आइपुगेका छौँ । केही दिनमा ठीक होला भन्ने विश्वास छ”

यादव जस्तै भूकम्पमा परी घाइते भएकाहरु अस्पतालभित्र अर्धचेत अवस्थामा शय्यामा छन् भने उहाँहरुका आफन्तजन र परिवारका सदस्यहरु बाहिर घाइतेहरुको शिघ्र उपचारको आशामा पर्खाइमा छन् । यमुना र यादव जस्तै सुवर्णा शाह पनि आफ्नो २१ वर्षीया छोरी ईशा शाह पनि चाँडै निको भएर घर फर्कने पर्खाइमा हुनुहुन्छ । ईशालाई भूकम्पले टाउको, घाँटी र हात खुट्टामा चोट लागेको छ ।



दसैँ मनाउन आमा सुवर्णासँगै जाजरकोट मामाघरमा जानुभएकी ईशा आफ्नो सानी आमाका दुई दिदीबहीनीहरुसँगै रातिको खाना खाएर सुत्नु भएको थियो । आफ्नो छोरी ईशासँगै बहिनीहरुका दुई छोरी पनि भूकम्पमा परी मृत्यु भएको सुवर्णाले भावविभोर हुँदै सुनाउनुभयो । “हामी दसैँ मनाउन माइती गाउँ जाजरकोट गएका थियौँ । यही आइतबार फर्कने हाम्रो तयारी थियो । तर भूकम्पले हाम्रो परिवारको मुटु चुँडालेर गयो”, सुवर्णाले रुँदै पीडा पनि सुनाउनुभयो । उहाँका एक छोरी र एक छोरी हुनुहुन्छ । सपरिवार नै दसैँ मनाउन जाजरकोट जानुभएकी सुवर्णा र छोरालाई चोट लागे पनि छोरी ईशा भने गम्भीर घाईते भएको उहाँले बताउनुभयो । “चोट त हामीलाई पनि लागेको छ तर धेरै चोट मेरी छोरीलाई लागेको छ । भगवान्सँगै छोरीलाई केही पनि नहोस्, उनलाई चाँडै निको भइदियोस् भनेर प्राथना गरिरहेको छु । भाग्यले उनलाई बचाएको छ । अब डाक्टरले पनि बचाई दिनु हुनेछ भन्ने आशा छ”, सुवर्णाले छोरीको मायमा रुँदै भन्नुभयो ।

चन्दा शाह पनि भूकम्पमा परी घाइते हुनुभएका श्रीमान् चाँडै नै निको हुने आशामा हुनुहुन्छ । भेरी नगरपालिका–३ खलङ्गा जाजरकोटका ४८ वर्षीय चन्दाका श्रीमान् विमलकुमार कार्कीको पनि दाँहिने खुट्टा भाँचिएको छ । विमल शनिबार बिहान भेरी अस्पतालमा उपचारका लागि पुग्नुभएको पहिलो बिरामी हुनुहुन्छ ।

परिवारबाट १० वर्षदेखि अलग बस्दै आउनुभएका कार्कीलाई उहाँकी पत्नी चन्दा शाह कार्कीले अस्पताल पु¥याउनुभएको थियो । चन्दालाई पनि यमुनालाई जस्तै श्रीमान्को रेखदेख गर्न र खानाको जोहो गर्न भ्याइनभ्याइ भएको छ । “भूकम्पले मेरो श्रीमान्लाई घाइते बनाएपनि त्यसको पीडा मलाई र मेरो चार सन्तानलाई अझ बढी भएको छ”, श्रीमती चन्दाले रुँदै भन्नुभयो । विमल खलङ्गाको पीपलडाँडामा एक्लै बस्दै आउनु भएको थियो भने चन्दा चार छोरीसँगै १० मिनेटको दूरीमा बस्ने गर्नुहुन्थ्यो । आफ्नो परिवारको सहारा नै श्रीमान् भएको हुनाले भूकम्पमा परेर उनै श्रीमान् नै घाइते भएको हुँदा चन्दालाई आफ्नो परिवारमा ग्रहण लागे जस्तै भएको छ । जाजरकोटलाई केन्द्रबिन्दु बनाएर आएको भूकम्पमा परी घाइते भएका जाजरकोटबाट ३८ जनाको अहिले नेपालगञ्जको भेरी अस्पतालमा उपचार भइरहेको छ । अर्का एकजनाको कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ । शुक्रबार एक जनाको उपचारका लागि अस्पताल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताउनुभयो । प्रजिअ पोखरेलका अनुसार शनिबार राति साढे बाह्र बजेसम्म थप छ जनालाई उपचारका लागि अस्पताल ल्याइएको छ । उपचाररत बिरामीको अवस्था सुधारोन्मुख र खतरामुक्त रहेको पनि उहाँले जानकारी दिनुभयो ।

प्रजिअ पोखरेलले हिजो शुक्रबार नै नौ जना डाक्टरको टोलीसहित आवश्यकीय औषधिहरु रुकुमको चौरझारीमा पठाइसकेको पनि बताउनुभयो । भेरी अस्पताल, सैनिक अस्पताल र प्रहरी अस्पतालमा एक सय पाँच वटा शय्या तयारी अवस्थामा राखिएको छ । कोहलपुर मेडिकल कलेजलाई पनि तयारी अवस्थामा रहन भनिएको छ । पर्याप्त मात्रामा डक्टर, नर्सिङ स्टाफ र अन्य आवश्यक सामग्रीको प्रबन्ध मिलाइएको छ । हेलिकप्टरबाट आउने बिरामीका लागि राझा बिमानस्थल र सैनिक ब्यारेकको हेलिप्याडमा दुई÷दुई वटा एम्बुलेन्स तैनाथ गरिएको छ ।

बिरामीलाई रगतको अभाव हुन नदिन केही पिन्ट रगत मौज्दात रहेको छ ।

अपुग भएमा ताजा रगत आपूर्तिको लागि रक्तदाताको व्यवस्था मिलाइएको अस्पतालले जनाएको छ । समितिका अध्यक्ष शाहले अस्पतालको नयाँ भवनको भूइँतलामा भूकम्पबाट घाइते बिरामीलाई उपचार गर्न आवश्यकताअनुसार शय्या तयारी अवस्थामा राखिएको बताउनुभयो । जाजरकोट र रुकुमपश्चिममा अहिलेसम्म डेढ सयभन्दा बढीले ज्यान गुमाएका छन् ।




## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |


## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्फा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धनार्जनको योग हुनाको साथै तपाईंलाई देख्नेहरु मोहित होलान् ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आजको दिन तपाईंमा निरोगिता तथा आरोग्यता आउला, बल बुद्धि तथा तेजमा वृद्धि होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मान तथा सम्मानमा हानि होला, आजको दिन भगवान गणेशको आराधना गर्नाले राम्रो हुन्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन विशेषरूपमा होशियार रहनुहोला, अनावश्यक खर्च तथा व्ययले मन खिन्न रहला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
विभिन्न प्रकारका धन तथा सम्पत्तिको लाभ होला, आजको दिन पुजापाठमा सहभागी भईएला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
तपाईं आजको दिन कुनै पनि मांगलिक सहभागी हुनुहुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
विभिन्न प्रकारका उन्नति र प्रगतिले तपाईंलाई उत्साहित गराउला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन तपाईंलाई उच्च पद प्राप्ति हुनसक्छ, कुनै पनि परिक्षामा उतिर्ण भईएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
,कुनै पनि पद तथा नेतृत्व प्राप्त होला, तिर्थयात्रा पनि हुनसक्छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंमा नयाँ नयाँ सोच र बिचारको उदय होला, साहित्यिक कार्य गरिएला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
वैदेशिक यात्रा तथा रोजगारको अवसर पनि प्राप्त होला।

**मीन - PISCES** दि,दु,थ,भ्फ,त्र,दे,दो,च,चि
तपाईंलाई आजको दिन गुप्त बिद्या तथा ज्ञान प्राप्त होला, खानपान तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भईएला।

# व्यवस्थापन गरे मोहोर, नगरे फोहर

**रासस**
**स्याङ्जा ।**
देशका कतिपय पालिकाहरुलाई फोहरमैला व्यवस्थापन समस्याको विषय बन्ने गरेको छ । फोहरमैला व्यवस्थापन चुनौतीका रुपमा देखा परिरहेका छन् । फोहरमैलाको उचित व्यवस्थापन गर्न नसक्दा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको चिन्ताको विषय बन्ने गरेको छ । फोहोरमैला व्यवस्थापनका कारण कतिपय ठाउँमा विवादहरु उत्पन्न भएका छन् । बजारबाट उठाइएका फोहरहरुलाई कुनै ठाउँमा लगेर थुपार्ने मात्रै गर्दा त्यसले जनस्वास्थ्य र वातावरण असर पार्ने त्रासले फोहरमैला थुपार्ने ठाउँ वरपरका स्थानीय तथा बस्तीबाट विरोध आउने गरेका उदाहरणहरु प्रसस्तै सुन्न र देख्न पाइन्छन् । फोहरलाई वर्गीकरण नगरी एकै ठाउँमा लगेर थुपार्दा समस्या निम्त्याउने गर्दछ भने आम्दानी पनि हुँदैन । व्यवस्थापन गर्न जाने मोहोर र नजाने फोहोर हुन्छ भन्ने प्रमाणित पछिल्लो समय विभिन्न पालिकाहरुले गर्दै आइरहेका छन् । फोहोरलाई प्रशोधन गरी मोहोर भित्र्याउँदै आएको एक सफल पालिका हो स्याङ्जाको भिरकोट नगरपालिका । विसं २०७३ मा स्थापना भएको भिरकोट नगरपालिका स्याङ्जा जिल्लाको मध्यभागमा सिद्धार्थ राजमार्गसँगै जोडिएको पालिका पनि हो । धार्मिक, पौराणिक एवं ऐतिहासिक दृष्टिले महत्व बोकेको आँधीखोलाको किनारमा रहेको बयरघारी बजार भिरकोट नगरपालिकाको प्रमुख बजार हो । यही बजारमा नै पालिकाको प्रशासकीय भवन रहेको छ । फोहरमैला थुपारिएका कतिपय ठाउँ वरपर पुग्ने प्रायःजसोले नाक मुख थुन्ने गर्दछन् । अझ फोहरमैला व्यवस्थापन गर्ने ठाउँ वरपर बनभोज खान र घुम्ने भन्नासाथै छि...छि शब्द निस्किहाल्छ । फोहरैफोहरको पहाड बन्छ तर भीरकोट नगरपालिका एउटा त्यस्तो उदाहरणीय पालिका हो जहाँ फोहर व्यवस्थापन र नजिकै रहेको पार्कबाट राम्रो आम्दानी लिँदै आइरहेको छ । आँधीखोलाको किनारमा नगरपालिकाले खरिद गरेको र सार्वजनिक गरी झण्डै ६५ रोपनी जग्गामा भीरकोट सरसफाई केन्द्र तथा पार्क सञ्चालनमा रहेको छ । नगरपालिकाले पार्क र सरसफाइ केन्द्र एकै स्थानमा बनाएसँगै अहिले देशका विभिन्न ठाउँबाट अध्ययन अवलोकन तथा घुम्नका लागि आउने गरेका बताउँछन् भिरकोट सरसफाइ केन्द्र तथा पार्कका व्यवस्थापक कृष्णप्रसाद अर्याल । 'फोहरमैला व्यवस्थापनका क्षेत्रमा समस्या भएका देशका विभिन्न पालिकाहरुबाट व्यवस्थापनका बारेमा अध्ययन अवलोकन गर्न यहाँ आउनुहुन्छ', उनले भने, 'यहाँबाट फर्केपछि आफ्नो पालिकामा गएर फोहरमैला व्यवस्थापनको प्रक्रिया थालेको हामीले खबर पाएका छौँ ।' सरसफाइ केन्द्रको अध्ययन अवलोकन गर्न आउनेहरुका लागि दुई हजार शुल्क लिने गरिएको छ । अन्यत्रबाट यहाँ अध्ययन अवलोकनका लागि आएका पाहुनाहरुलाई यसको व्यवस्थापकीय पक्षका बारेमा जानकारी दिने गरिएको छ । पार्कमा प्रवेश गर्न प्रतिव्यक्ति ५० शुल्क रुपैयाँ लिने गरेको छ । बनभोजका लागि चार हजार शुल्क लिई पकाउने भाँडाकुँडा तथा ग्यास उपलब्ध गराउँदै आएको व्यवस्थापक अर्यालले बताए । नगरपालिकामार्फत नै सञ्चालनमा रहेको पार्कमा विशेष गरी विदाका दिनहरु, चाडबाडका दिनहरु, बिवाह तथा अन्य सभा समारोह तथा सांस्कृतिक कार्यक्रमहरुमा भीड हुने गर्दछ । सरसफाइ केन्द्रमा आधुनिक ट्रसहरु, वर्गीकरण गरिएका पुनःप्रयोग हुने फोहरको भण्डारण कक्ष रहेका छन् । यहाँ बजारबाट आएका नकुहिने फोहरहरु तथा सिसाजन्य फोहरहरुको वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरिने व्यवस्थापक अर्यालले बताए । पार्कलाई थप ब्यवस्थित बनाउने कामहरु भइरहेका छन् । पार्कमा दुबोको हरियाली, रङ्गीविरङ्गी फूलहरु, स्विमिङ पुल, विभिन्न प्रजातिका फलफूल तथा पार्कलाई शोभा दिने अन्य बिरुवाहरु, चमेना गृह, शौचालय, कार्यालय भवन, टिकट काउण्टर, प्रतिक्षालयहरु निर्माण गरिएको छ । चारैतिरबाट पर्खालले घेराबार गरिएको छ । किनारैबाट श्रवणकुमारका अन्धाअन्धी बुबआमाको आँसुबाट उत्पत्ति भई बहेको आँधीखोला सुसाउँदै बहेको छ । यसले यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लोभ्याउने गर्छ । बजारबाट एकान्त, समथर अनि रमणीय स्थानमा रहेको पार्क पछिल्लो समय आकर्षणको केन्द्रकारुपमा स्थापित हुँदै गएको छ । अघिल्लो आर्थिक वर्षमा सरसफाई केन्द्र तथा पार्कको दश हजारभन्दा बढीले अवलोकन गरेको तथ्याङ्क कार्यालयमा रहेको व्यवस्थापक अर्यालको दाबी छ । शान्त र मनोरञ्जनका लागि भिरकोट नगरपालिकाले निर्माण गरेको पार्क उदाहरणीय हुँदै गएको नगरपालिकाका योजना अधिकृत यामप्रसाद रेग्मीले बताए । 'सरसफाइ केन्द्र र पार्क एउटै ठाउँमा निर्माण गरी सञ्चालन गरिरहेका छौँ', उनले भने, 'भौतिक संरचना निर्माणको चरणमा भएकाले सरसफाइ र पार्क अझै व्यवस्थित हुँदै जानेमा विश्वस्त छौँ ।' सरसफाइ केन्द्र तथा पार्कमा जग्गा प्रशस्तै भएकाले थप पूर्वाधार निर्माण गर्नका लागि प्रक्रिया अगाडि बढिसकेकाले आगामी दिनमा अझै आकर्षकको केन्द्रका रुपमा स्थापित हुनेछ । जसका कारण आम्दानी पनि स्वतःवृद्धि भएर जाने छ । कुहिने, नकुहिने र सिसाजन्य फोहरमैलाको उचित ब्यवस्थापन गरी नगरपालिकाले आम्दानीको स्रोतका रुपमा विकास गर्दै आएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गाना बताउँछन् । फोहरमैलाको उचित व्यवस्थापन विशेष गरी सहरी क्षेत्रका पालिकाहरुमा चुनौती भइरहँदा भिरकोटले फोहरलाई आम्दानीको स्रोतका रुपमा रुपान्तरण गरेको हो । 'फोहोरलाई ब्यवस्थापन गर्न नजान्दा, वर्गीकरण नगरी एकै ठाउँमा सबै प्रकारका फोहोर डम्पिङ गर्दा समस्या हुने हो' उनले भने, 'कस्तो खालको फोहोर हो, त्यसको वर्गीकरण गरी कुहिनेबाट कम्पोष्ट मल, नकुहिने र सिसाजन्य वस्तुहरुलाई पुनःप्रयोग गर्न सकिने भएकाले बिक्री गरी आम्दानी बाँध्दै आएका छौँ ।' स्थानीयले घर घरमै कुहिने, नकुहिने र सिसाजन्य फोहोर वर्गीकरण गरेर राख्ने गरेका छन् । नगरपालिकाको एउटा ट्रिपरले आलोपालो कुहिने, नकुहिने र सिसाजन्य फोहोर उठाउँछ । बजारबाट सङ्कलन भएको फोहोरलाई सरसफाई केन्द्रमा लगेर पुनः वर्गीकरण गरी भण्डारण गर्ने र त्यहीँबाट बिक्री गरिन्छ । सरसफाइ केन्द्र र पार्कमा गरी हाल १० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा फोहोर मैंला बिक्रीबाट छ लाख ६ हजार ३५४ रुपैयाँ, आर्थिक वर्ष २०७८/७९ मा नौ लाख २४ हजार ७६२ रुपैयाँ र आर्थिक वर्ष २०७९÷८० मा फोहरमैला बिक्रीबाट आम्दानी १४ लाख ८६ हजार दुई सय ६८ रुपैयाँ आम्दानी गरेको छ । नगरपालिकाले हालसम्म फोहरमैला बिक्रीबाट मात्रै ३० लाख १७ हजार तीन सय ८४ रुपैयाँ आम्दानी गरेको छ । पार्कतर्फको प्रवेश शुल्कबाट एक लाख ६४ हजार नौ सय १० रुपैयाँ आम्दानी गरेको उनले बताए । 'छोटो अवधिमा भिरकोट नगरपालिकाले फोहोरमैला ब्यवस्थापनमा फड्को मारेको छ' उनले भने, 'नगरपालिकाले सञ्चालन गरेको यो काम आफैंमा महत्वपूर्ण र देशमै उत्कृष्ट एवं नमुना भएको दाबी हाम्रो छ ।' विसं २०७३ मा स्थापना भएको भिरकोट नगरपालिकाले आर्थिक वर्ष २०७४÷७५ बाट नगरको फोहरमैला व्यवस्थापनका लागि सरसफाइ केन्द्र र पार्क निर्माण कार्य थालेको हो । राष्ट्रिय योजना आयोगको सङ्घीय विशेष अनुदान तीन करोड रुपैयाँ र नगरपालिकाको एक करोड गरी चार करोड रुपैयाँ लगानी भएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । 'सरसफाइ केन्द्रको व्यवस्थापन र पार्कलाई थप सौन्दर्यकरण गर्न अझै काम बाँकी छन्' उनले भने, 'कुन ठाउँमा कस्तो संरचना निर्माण गर्दा अझै आकर्षक हुन्छ भनेर विज्ञको सहयोगमा योजना बनाइरहेका छौँ ।' देशका विभिन्न ठाउँबाट हामीले गरेको कामको अवलोकन गर्न आउने गरेकाले थप ऊर्जा मिलेको दाबी उनको थियो । बजार वृद्धि हुँदै जाँदा भोलिका दिनमा फोहोरको मात्रा पनि बढ्दै जाने हुँदा अहिलेदेखि नै सोहीअनुसारको पूर्वाधार निर्माण गरी अगाडि बढिरहेको उनी बताउँछन् । सरसफाइ केन्द्र तथा पार्कस्थलमै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नका लागि थप पूर्वाधार निर्माणको चरणमा नगरपालिका छ । 'सरसफाइ केन्द्र तथा पार्क परिसरमै पर्यटकीय ताल निर्माण गर्दैछौँ', उनले भने, 'तालको बीचमा मन्दिर हुने र मन्दिरसम्म पुग्न तथा काललाई फन्को लगाउन डुङ्गा शयर गर्ने गरी तयारी थालिएको छ ।' सोही ठाउँमा चार वटा सटरसहितको व्यापारिक भवन निर्माण गरी आम्दानीको स्रोतको रुपमा विकास गर्दै लैजाने योजनामा नगरपालिका छ । सघन सहरी विकास कार्यक्रमअन्तर्गत चार करोड रुपैयाँको लगानीमा पूर्वाधार निर्माण हुन लागेको हो । पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन बनाउने क्रममा नगरपालिका रहेको उनले बताए । नगरपालिकाले तालिम दिएसँगै अहिले टोलटोलमा कुहिने, नकुहिने तथा सिसाजन्य फोहरहरु छुट्टाछुट्टै भाँडामा सङ्कलन गर्दै आइएको भिरकोट–१ बयरघारी बजारमा रहेको राधाकृष्ण टोल विकास समितिका संयोजक ढाकाराम खनाल बताउँछन् । 'टोलमा रहेका होटल, पसल तथा अन्य घरबाट निस्कने फोहरलाई घरमै वर्गीकरण गरेर राख्ने गर्नुहुन्छ', उनले भने, 'घरमा छुट्टाछुट्टै भाँडामा राखिएको फोहरलाई नगरपालिकाको फोहोर सङ्कलन गर्ने गाडी आउँदा त्यसैमा राखिदिन्छौँ ।' टोलटोलबाट सङ्कलन गरिएको फोहरलाई पालिकाले सरसफाई केन्द्रमा लगेर पुनः वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरी आम्दानी लिंदै आएको उनले बताए । 'सुरुका दिनमा चोकचोकमा कुहिने, नकुहिने डस्टबिनहरु राखिएको तर डस्टबिन राखेको ठाउँमा नरहने, फुटाइदिने जस्ता क्रियाकलाप भए', उनले भने, 'पछि टोलको सक्रियतामा रकम सङ्कलन गरी घरघरमा कुहिने, नकुहिने फोहोर सङ्कलन गर्नकालागि डस्टविन खरिद ग¥यौं, त्यसपछि सहज भएको छ ।' कुहिने फोहरलाई डस्टबिनमा सङ्कलन गर्ने र नकुहिनेलाई केही घरले डस्टबिनमै सङ्कलन गर्दै आएका छन् भने केहीले कार्टुन तथा बोरामा सङ्कलन गरी गाडीमा राखिदिने गरेको उनले बताए । नगरपालिकाले फोहरमैलाबापत घरधनीसँग मासिकरुपमा रकम पनि लिने गरेको छ । नगरपालिकाले आवासीय घरबाट एक सय रुपैयाँ, किराना, फलफूल तथा तरकारी पसल, होटलबाट एकसय ५० रुपैयाँ, सैलुनहरुबाट एक सय २५ रुपैयाँ मासिकरुपमा उठाउँदै आएको छ ।




# कानुन निर्माणमा ध्यान नदिएको आरोप खेप्दै छौँः सांसद बलम्पाकी



**काठमाडौँ ।**
'जनताका जे जस्ता माग र आवश्यकता लिएर आइएको थियो, त्यो सम्बोधन नभएको अनुभव छ, विधेयकमै पनि सही थाप्नेजस्तो मात्र भएको छ, यस अवस्थामा पनि जिल्ला र राष्ट्रका जल्दाबल्दा विषय सदनमा शून्य, विशेष र आकस्मिक समयमा निरन्तर उठाउँदै आएकी छु ।' 'सांसदसँग रासस संवाद' मा नेकपा (एमाले) की नेत्री रणकुमारी बलम्पाकी मगर यसरी जनताका माग र आवश्यकता सम्बोधन नभएकामा असन्तुष्टि पोख्दै आफूहरूले कानुन निर्माणमा ध्यान नदिएको आरोप खेप्दैआएको बताउँछिन् । उनले सांसदको मुख्य काम अहिले करिब ४० कानुन तत्काल बनाउनैपर्ने रहेकामा किन ढिलासुस्ती भयो भन्ने बुझिनसक्नु रहेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'सदनमा यो मेरो पहिलो प्रवेश हो । यसबीचमा सदन नियमित भएन । कानुन निर्माणमा तपाईँहरूले ध्यान दिनुभएन भन्ने जनताको आरोप छ, यस मामिलामा सरकार स्वयं तात्नुपर्ने हो, हामीले मात्र भनेर हुँदोरहेन छ ।' सदनमा राजनीतिक दलको सिट सङ्ख्या र त्रिकोणात्मक शक्ति सन्तुलनले राजनीतिलाई सहजरूपमा अघि बढाउन चुनौती खडा गरेको जनाउँदै नेत्री बलम्पाकीले सरकार बचाउने र टिकिरहने मनस्थितिले भ्रष्टाचार, महँगी र अनियमितताका विषयमा तै चुपमैचुपको स्थिति बनेको विचार प्रकट गरिन् । उनी भन्छिन्, 'कुटपिट, हत्या, अपहरणमा संलग्न व्यक्तिलाई सरकारले नै संरक्षण दिइरहेको घटना एकपछि अर्को गर्दै बाहिरिएको अवस्थाले समाज र जनतामा राजनीतिप्रति वितृष्णा र अविश्वास पैदा भएको छ ।' धारा, पानी, बाटो, सडक, पोखरी, विद्यालय, स्वास्थ्यचौकीलगायत विकास निर्माणको काम स्थानीय र प्रदेश सरकारको जिम्मेवारीभित्रका विषय भए पनि त्यसमा सांसद संलग्न हुने स्थिति राम्रो नभएको उनले प्रतिक्रिया दिइन् । न्यूनतम उपस्थिति सङ्ख्या अपुग भई विधेयक 'फेल' हुने अवस्था आउन दिन नहुने पक्षलाई सांसद स्वयंले हेक्कामा राख्न जरुरी रहेको बताउँदै ओखलढुङ्गामा जन्मेर सिन्धुलीलाई कर्मथलो बनाउँदै आएकी उनी भन्छिन्, 'एउटा विधायक हुनाका नाताले हाम्रो सर्वोच्च जिम्मेवारी कानुन नै निर्माण गर्नु हो ।' उनीसँग विसं २०४६ को आन्दोलनपछि अनेरास्ववियुको सदस्यता लिई पद्मकन्या कलेजका स्ववियु सचिव र काठमाडौँ जिल्ला सचिव तथा पार्टी काठमाडौँ–ओखलढुङ्गा सम्पर्क मञ्चका सदस्य भई काम गरेको अनुभव पनि छ । 'भोट' माग्ने बेला गरिएको वाचानुरूप मतदाताले कुवा, पँधेरो, धारा र पाइपका लागि अनुरोध गर्नु चाहिँ तिनको अधिकार भएको बताउँदै उनले आफूले मन्त्रालयका कोठा–चोटा नधाएर हुनसक्छ, प्रस्ताव गरेका एउटै योजनामा पनि बजेटमा परेन भनिन् । आफूहरूले मत दिएर पठाएकाले जनप्रतिनिधिबाट यति काम होस् भन्ने जनतामा आशा हुनु स्वभाविक रहेको बताउँदै सांसद बलम्पाकीले बजेट विनियोजनमा भएको विभेदप्रति सत्तापक्षका सांसदले नै सदनमा उभिएर मौन बसेको तथा विरोध गरेको घटनाले असन्तुष्टिलाई नै पुष्टि गरेको जिकिर गरिन् । देश र दुनियाँको अध्ययन, तयारी, प्रस्तुति र जनतासँग भिजेर गरिएको कामले नै अवसर दिन्छ भन्ने मान्यतामा दृढ नेत्री बलम्पाकीले पार्टीमा महिला भएकै कारण विभेद भएको खासै घटना भने नरहेको प्रतिक्रिया दिइन् ।

**असल सांसद अभ्यास**
कतिपय विषयमा प्रखररूपमा सदनमा कुरा राख्न दलभित्र प्रोत्साहन गरिएको घटना सुनाउँदै सांसद बलम्पाकीले असल र अब्बल सांसद (गुड पार्लियामेन्टरियन) को पहिचान बनाउन आफ्नो दल र नेतृत्वले विज्ञ उपलब्ध गराई आवश्यक राय, परामर्शसमेत उपलब्ध गराउँदैआएको जानकारी दिइन् । उनी भन्छिन्, 'दलबीच झगडा हुँदा देशको विकास पछि धकेलिन्छ । अरूलाई प्रेरणा दिलाउन र असल सांसदको भूमिका खेल्ने सिलसिलामा सदनमा मैले सधैँ सकारात्मक नै भएर विषयवस्तु राख्दैआएकी छु ।' आफू कानुनको विद्यार्थी र अनुभवी नभएकाले गैरसरकारी विधेयकबारे आवश्यक जानकारी नभएको स्वीकार्दै उनले सदनमा ल्याइएको विधेयकमा कसरी संशोधन राख्ने र प्रस्तुत हुने भन्ने विषय मात्र आफूले सिकिरहेको नै स्पष्ट गरिन् । उनले भनिन्, 'एउटा सांसदले जनताले किन पठाएका हुन्, जिम्मेवारी र कर्तव्य के हो, कुन कुरा बोल्न हुन्छ वा हुँदैन भनेर बुझ्न आवश्यक छ, गैरजिम्मेवारी र फितलो प्रस्तुति गर्न हुन्न, यसतर्फ चेत र चेतना बढाउनुर्छ ।' एक प्रसङ्गमा एमाले केन्द्रीय अनुशासन आयोगका सदस्यले भनिन्, 'कतिपयले सोचेको हुनुपर्छ अर्को पटक माननीय वा यो पदमा आइन्न, मौका यही हो । भ्रष्टाचारमा संलग्नलाई दह्रो कारबाही भए फेरि गर्न डराउँथे ।' ललिता निवास, सुन तस्करी र नक्कली भुटानी शरणार्थी काण्डमा संलग्नलाई कारबाही गरिएको भए राजनीतिक नेतृत्वप्रति विश्वास जाग्ने थियो तर घटनाको फितलो अनुसन्धानले जनतामा भरोसा कमजोर छ भनी प्रतिक्रिया दिइन् । हाल अभ्यासमा रहेको निर्वाचन प्रणाली खर्चिलो भएकाले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धनमा चुनौती खडा गरेको बताउँदै सांसद बलम्पाकीले चुनावका बेला गरिएको लाखौँ–करोडौँ खर्च उठाउने प्रवृत्तिले भ्रष्टाचार मौलाइरहेको विचार प्रकट गरिन् । निर्वाचन प्रणालीमा सुधार गरी सबै समानुपातिक गरिएमा कम खर्चिलो होला कि भन्ने आफूलाई लागेको बताउँदै उनले नभए आमसभा, घरदैलोजस्ता खर्चिलो र विकृतिजन्य कार्यलाई रोकेर सामाजिक सञ्जालबाट मात्र प्रचार–प्रसारमा सीमित तुल्याउनुपर्छ भनिन् । १० लाख रुपैयाँको योजना अघि बढाइँदा भ्रष्टाचारकै कारण दुई लाख रुपैयाँ पनि खर्च नहुने गरेको उदाहरण प्रस्तुत गर्दै उनले जनतामा पनि स्वच्छ, योग्य र निष्ठालाई भन्दा 'हाइफाइ' र तडकभडक गर्नेलाई रोज्ने गलत प्रवृत्ति देखिएकाले त्यसलाई सच्याउनुपर्ने धारणा राखिन् । मुलुकको शिक्षा पद्धति सीपमूलक र व्यावसायिकमूलक नहुँदा युवा–विद्यार्थी विदेशिन बाध्य भएको घटना सुनाउँदै नेत्री मगरले शिक्षकले पनि विद्यार्थीलाई स्वदेशमा रहनभन्दा विदेश जानै प्रेरित गरेकाले पनि समस्या भयावह बनिरहेको प्रतिक्रिया दिइन् । सामूहिक खेती, बस्तुभाउ पालन, कृषि प्रवद्र्धनका लागि आवश्यक सिँचाइ व्यवस्था नगरिँदा गाउँबस्ती उजाड भएको बताउँदै उनले यस अवस्थामा तत्काल सुधार नगरिए केही वर्षभित्रै स्वदेशमा युवा पङ्क्ति नभेटिने कुरातर्फ ध्यानाकर्षण गराइन् ।



# राष्ट्रपतिद्वारा अन्तर्राष्ट्रिय उद्योगी व्यापारीलाई लगानीका लागि आह्वान




**रासस**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले नेपालमा कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा लगाानीका लागि अन्तर्राष्ट्रिय उद्योगी–व्यापारीलाई आह्वान गरेका छन् । एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घ (क्यासी) र नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसीआई) को संयुक्त आयोजनामा दुई दिनसम्म चल्ने ३७औँ क्यासी सम्मेलनको सोमबार उद्घाटन गर्दै राष्ट्रपति पौडेलले लगानी गर्न आह्वान गरेका हुन् । 'नेपालमा लगानीका क्षेत्र बढ्दै गएका छन् र लगानी सहज बनाउनका लागि कानुन निर्माण भइरहेका छन्, म कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा लगाानीका लागि अन्तर्राष्ट्रिय उद्योगी–व्यापारीलाई आह्वान गर्दछु', राष्ट्रपति पौडेलले भने । राष्ट्रपति पौडेलले आर्थिक विकासको तीव्र चाहना बोकेको हाम्रो देशमा रहेको कृषि, जलस्रोत, पर्यटनजस्ता प्रचुर प्राकृतिक स्रोत र साधनलाई अन्तर्राष्ट्रिय जगतसँग जोड्न लगानी र व्यापारका क्षेत्रमा धेरै अवसर रहेको धारणा व्यक्त गरे ।
'नेपाली विद्युत्को बजार अब भारत र बङ्गलादेश पनि बन्दैछ, विद्युत् व्यापारका क्षेत्रमा पछिल्ला दिनमा भएका प्रगतिले जलविद्युत्मा लगानी गर्न चाहने उद्यमीका लागि महत्वपूर्ण अवसर खुलेको छ ।
म नेपालको जलविद्युत्को क्षेत्रमा लगानी गर्न तपाईंहरू सबैलाई आह्वान गर्दछु', उनले भने ।
राष्ट्रपति पौडेलले शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको घटनाप्रति मानवीय भावसहित पीडितलाई सहयोग गर्न सबै उद्यमी, व्यवसायीलाई अपिल पनि गरे । उनले साना र मझौला उद्यम हाम्रो अर्थतन्त्रको मेरुदण्ड भएको धारणा राखे ।
'आधुनिक युगमा दिगोपन एक शब्दजाल मात्र होइन, यो हाम्रो भविष्यको आधारशीला पनि हो । साना र मझौला उद्यम अर्थतन्त्रका मेरुदण्ड हुन् ।
तिनीहरुले वृद्धि, नवीनता र रोजगारी सिर्जना गर्छन्', उनले भने । राष्ट्रपति पौडेलले उद्यमशीलता भनेको व्यवसाय सुरु गर्नु मात्र होइन, यो नवप्रवर्तनलाई अँगाल्ने, विविधतालाई सघनीकरण गर्ने र हाम्रा समुदायले सामना गर्ने ठूला चुनौती समाधान गर्ने सबैभन्दा बलियो आधार भएको बताए । 'तपाईंहरुले यो भावनालाई अगाडि बढाइरहनुभएको छ र बढाइरहनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु', उनले भने ।
राष्ट्रपति पौडेलले दिगो उद्यमशीलता र व्यापार वास्तवमै समृद्ध र दिगो भविष्यका आधारशिला र अर्थतन्त्रको महत्वपूर्ण हिस्सा भएको बताए ।
'यसले आर्थिक वृद्धिलाई मात्र होइन, सीमापार सम्बन्ध निर्माण र कायम राख्न ऊर्जा प्रदान गर्दछन्', राष्ट्रपति पौडेलले भने, 'व्यवसाय क्षेत्रका सङ्गठनहरुले व्यापार सहज बनाउन प्रदान गर्ने मध्यस्थता, प्रक्रियाको डिजिटलाइजेसन र सञ्जालीय अवसरलगायतका सेवा व्यवसायलाई संसारसँग जोड्ने औँजार हुन् ।' उनले उद्यमशीलता र व्यापारले विश्वव्यापी बहुपक्षीयतावादलाई सवलीकरण गर्न योगदान गर्ने र पारस्परिक लाभदायक सम्बन्धमार्फत् विश्वव्यापी शान्तिलाई बलियो बनाउन योगदान पु¥याउनेमा विश्वास व्यक्त गरे । नेपाल भौगोलिक रुपमा चीन र भारतबीच हुनु व्यापारका लागि रणनीतिक फाइदा भएको भन्दै उनले यो स्थितिले नेपाललाई ती विशाल उपभोक्ता बजारमा पहुँच स्थापित गर्न खोज्ने व्यवसायका लागि प्राकृतिक प्रवेशद्वार बनाउने बताए । 'दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) लगायतका क्षेत्रीय व्यापार सम्झौतामा नेपालको सदस्यताले यस क्षेत्रका व्यापार साझेदारको विशाल सञ्जालमा व्यवसायलाई पहुँच प्रदान गर्दछ', राष्ट्रपति पौडेलले भने । नेपालको श्रम बजारमा सक्रिय, अनुशासित र शान्तिप्रिय श्रमशक्ति अधिक भएको र यो दक्ष श्रम, नवप्रवर्तन र उद्यमशीलताको सम्भावना खोज्ने व्यवसायको लागि सम्पत्ति भएको उनको भनाइ थियो । उनले देशको बढ्दो मध्यम वर्ग एक उदीयमान उपभोक्ता बजार भएको भन्दै खुद्रा, उपभोग्य वस्तु र सेवालगायत विभिन्न उद्योगका लागि अवसर प्रस्तुत गरेको उल्लेख गरे ।
प्राकृतिक विविधतायुक्त नेपालले पर्यटन क्षेत्रको विकासको प्रचुर सम्भावना बोकेको छ र यसमा आज हुने लगानीले भोलि प्रतिफल दिनेमा उनले विश्वास व्यक्त गरे । सूचना प्रविधि, उत्पादनमूलक उद्योग, कृषिजन्य उद्योग नेपालमा सम्भावना भएका अन्य क्षेत्र भएकाले यी क्षेत्रमा पनि लगानी बढाउन उनले आग्रह गरे । सम्मेलनका विषय विश्वव्यापी चिन्ता मात्र नभइ नेपालको आर्थिक विकास र दिगोपनका लागि पनि उत्तिकै सान्दर्भिक रहेको उनको भनाइ थियो ।

# पाँचखालमा 'जापानिज' प्रविधिमा प्राङ्गारिक मल उत्पादन

**रासस**
**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाको सहकार्यमा जापानिज प्रविधिबाट प्राङ्गारिक (कम्पोस्ट)मल उत्पादन थालिएको छ । वडा नं ४ स्थित जिरोकिलोमा स्थापित प्राङ्गारिक मल केन्द्रको आइतबार एक कार्यक्रमकाबीच नगर प्रमुख महेश खरेलले उद्घाटन गरेका छन् । पाँचखाल नगरमा निस्कने कुहिले फोहर सङ्कलन तथा गोबर सुली, पातपतिङ्गरको प्रयोगबाट जापानिज प्रविधिद्वारा प्राङ्गारिक मल उत्पादन सुरु गरिएको हो ।
केन्द्रले नेपाल सरकारको मापदण्डअनुसार जापानिज प्रविधि (सिएनबीएम)मा मल उत्पादन गरिने रिकिशी कम्पोस्ट प्रालिको प्रबन्ध निर्देशक उषा गिरीले बताइन् । उनले कार्बन, नाइट्रोजन, मिनरल्स् र ब्याक्टेरियाको समिश्रणबाट प्राङ्गारिक मल उत्पादन हुने जानकारी दिए । 'ती मिश्रणबाट बनेको मलले माटोलाई खुकुलो बनाउनुका साथै माटोलाई बिरुवाका लागि आवश्यक सबैखाले पोषकतत्व पुग्ने छ', गिरीले भने । प्राङ्गारिक मल उत्पादनका लागि नगरमार्फत नकुहिने फोहर तथा जङ्गलका पातपतिङ्गर व्यवस्थापनमा सहयोग पुगे केन्द्रले कृषकलाई मल कसरी वितरण गर्नेबारे थप छलफल गर्ने जनाएको छ ।
'हामी मागअनुसार पर्याप्त मल उत्पादन गर्न सक्छौँ, यसका लागि नगरको समन्वय आवश्यक छ', उनले भने ।
उनका अनुसार जापानस्थित ग्रीन यामाकाजी कम्पोस्ट प्रालिको सिएनबीएम प्रविधिमा पाँचखालमा प्राङ्गारिक मल उत्पादन थालिएको हो । केन्द्रले स्थानीय कृषकलाई मलबारे शिक्षा, तालिम र चेतना तथा प्राविधिक र परामर्श सेवा प्रदान गरिने जनाएको छ । रासायनिक मलको अभावमा पर्याप्त कृषिउपज उत्पादन गर्न कठिनाइ भएको समयमा केन्द्रको स्थापनाले कृषकलाई निकै राहत पुग्ने खरेलले बताए । उनले भने, 'नगरले फोहर सङ्कलन तथा अन्य आवश्यक समन्वय र सहयोग गर्नेछ ।' उनले प्रयोग गरी स्थानीय कृषकलाई 'डेमोस्ट्रेसन' गर्न सुझाव दिएका छन् । यसअघि लभग्रीन नेपाल नामक संस्थाले एकीकृत शत्रुजीव व्यवस्थान प्रविधि (आइपीएम) कृषक पाठशालामा पाँचखाल नगरका करिब एक हजार अगुवा कृषकलाई विभिन्न चरणमा १८ महिना घरमै जैविक विषादी तथा कम्पोस्ट मल बनाउने विधि अध्ययन गराएको थियो । संस्थाले केही वर्षदेखि पाँचखालमा आइपीएम, पशु व्यवस्थापन तथा स्वस्थ दूध उत्पादनजस्ता कृषक उपयोगी तालिम दिँदै आएको छ भने तरकारीमा विषादी तथा रासायनिक मल न्यूनीकरण गरी कृषकलाई प्राङ्गारिक कृषि उत्पादनतर्फ लैजान निरन्तर प्रयासरत छ । यसैबीच पाँचखालका कृषकलाई प्रयोगशाला (रेपिड बायो एसे पेस्टिसाइड रेजिड्यू–आरबीपीआर ल्याब)मा आफूले उत्पादन गरेको तरकारीको विषादी अवशेषको मात्र परीक्षण गर्न ल्याउन पनि सबैमा अपिल गर्दै आइएको छ । केन्द्रमा करिब दुई वर्षदेखि जिल्लाको विभिन्न स्थानको तरकारीको नमूना सङ्कलन गरी नियमित परीक्षण हुँदै पनि आएको छ । सङ्कलित नमूनाको विषाद रुकावट अवशेष परीक्षण÷मापन गर्दा सुरक्षित मापदण्डभित्र रहँदै आएको जनाइएको छ । परीक्षणबाट पाँचखालको तरकारीमा विषादीको रुकावट प्रतिशत (इमिसन रेट) सरदर तीनदेखि नौ प्रतिशतसम्म झर्ने गरेको र १० देखि २० इमिसन रेटसम्मका तरकारी उत्पादन भइरहेको हालसम्मको परीक्षण प्रतिवेदनले देखाएको जनाइएको छ ।
बागमती प्रदेशको विषादी अवशेष द्रुत विश्लेषण कार्यविधि, २०७५ मा ३५ देखि ४५ प्रतिशतसम्म देखिएमा चार–पाँच दिन क्वारेन्टिनमा राखेर पुनःपरीक्षणमा ३५ प्रतिशतभन्दा कम नतिजा आएमा खानयोग्य हुने र ४५ प्रतिशतभन्दा बढी 'इन्हिविसन' आएमा कृषिउपजलाई खान अयोग्य मानेर नष्ट गर्नुपर्ने उल्लेख छ ।

# प्रदूषण बढेपछि नयाँदिल्लीमा सवारी साधनमाथि रोक लगाइने

**एएफपी**
**नयाँदिल्ली ।**
विषाक्त धुवाँबाट राजधानीवासीलाई केही राहत दिन नयाँदिल्लीमा एक साताका लागि निजी सवारी साधनको प्रयोगमाथि रोक लगाइने अधिकारीहरूले सोमबार घोषणा गरेका छन् । तीन करोड जनसङ्ख्या रहेको दिल्लीलाई प्रत्येक वर्ष हिउँदयामको सुरुमा विषाक्त धुवाँले ढाक्दछ । छिमेकी कृषि प्रधान राज्यहरूमा किसानले पराल जलाएका कारण दिल्लीलाई धुवाँले ढाकेको हो । नयाँदिल्लीलाई संसारको सबैभन्दा धेरै प्रदूषित सहरमध्ये एक मानिन्छ । यहाँको वार्षिक धुवाँ प्रत्येक वर्ष सयौँ÷हजारौँ मानिसको अकाल मृत्युको कारण बन्ने गर्छ । अहिलेसम्म सरकारको नेतृत्वमा गरिएका प्रयासले वायु गुणस्तरको समस्यालाई सम्बोधन गर्न सकेको छैन । सन् २०१७ को एक अमेरिकी अध्ययनअनुसार भारतमा प्रत्येक वर्ष १० लाख मानिसको अकालमा मृत्यु हुने गरेको छ ।



दिल्लीका पर्यावरणमन्त्री गोपाल रायले सडक–रासन योजना दीपावलीको एक दिनपछि आगामी सोमबार एक साताका लागि ल्याइने जानकारी दिए । योजनाअन्तर्गत जोर र बिजोर नम्बर प्लेट भएका कारहरूलाई एक साताका लागि वैकल्पिक दिनमा यात्रा गर्न अनुमति दिइने छ । मन्त्री रायले भने, 'दीपावलीपछि प्रदूषण अझ बढ्न सक्ने भएकाले यस्तो निर्णय लिइएको हो ।'
उहाँका अनुसार नोभेम्बर २० पछिको स्थितिको समीक्षा गरिने छ । आइक्युएयरका अनुसार सोमबार सबैभन्दा खतरनाक पिएम २.५ कणहरूको स्तर एक सय ८४ माइक्रोग्राम प्रतिघनमिटरसम्म पुगेको छ । विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेकोभन्दा यो करिब १२ गुणा धेरै हो । पिएम २.५ कण रक्त प्रवाहमा प्रवेश गर्नसक्ने अति सानो कण हो । राजधानीमा सवारी आवागमनमा रोक लगाइएको यो पहिलो पटक होइन । यसअघि सन् २०१६, २०१७ र २०१९ मा यस्तो रोक लगाइएको थियो ।

# सामूहिक सयपत्री फूलखेती फस्टाउँदै



**रासस**
**गल्याङ ।**
स्याङ्जाको कालीगण्डकी गाउँपालिका–७ स्थित बारीचौरमा सयपत्री फूलको सामूहिक खेती फस्टाउँदै गएको छ । तीन वर्ष पहिले लालीगुराँस घरवास (होमस्टे)लाई फूलैफूलको होमस्टे बनाउने उद्देश्यले १५ स्थानीय मिलेर लगाएको सयपत्रीको फूलखेती चार रोपनी जमिनमा फैलिएको छ । जिल्लामै 'नमूना व्यावसायिक फूलखेती' बनाउने योजनामा रहेका स्थानीयको फूलखेती कार्यक्रमलाई गाउँपालिकाले सहयोग गरेको छ । नमूना बारीचौर व्यावसायिक फूलखेतीका अध्यक्ष घनबहादुर थापाले तीन वर्ष पहिले दसैँ तिहारको बीचमा पाँच हजार माला उत्पादन गरेर गाउँपालिकाको कृषि शाखालाई दिएको जानकारी दिए । उनले पहिलो वर्ष पालिका आफैँको पूर्ण लगानी भएकाले करिब डेढ लाख रुपैयाँ बराबरको ड्रम र पाइप आफूहरूलाई दिएको बताए ।
'यस वर्ष चार रोपनी जमिनमा तीन हजार पाँच सय बोट सयपत्री फूल लगाएका छौँ', अध्यक्ष थापाले भने, 'यस वर्ष हावापानी राम्रो भएकाले फूलको उत्पादन लोभलाग्दो छ, लाग्छ फूल बिक्र सक्यो भने राम्रो आम्दानी हुन्छ ।' उनले यस वर्षको फूलखेतीका लागि गाउँपालिकाले ५० प्रतिशत अनुदान दिएको र ५० प्रतिशत आफूहरूले जनश्रमदान गरेको बताए । अध्यक्ष थापाले गत वर्ष पनि पालिकाले ५० प्रतिशत अनुदानमा फूलखेती गरिएको बताए । 'पोहोर साल हावापानी बिग्रियो, पानी धेरै प¥यो र फूल राम्रो उत्पादन नभएकाले दुई लाख रुपैयाँको मात्र फूल बेच्न सफल भयौ', उनले भने, 'यस वर्ष पहिलो वर्षजस्तै खेती राम्रो छ, करिब चार लाख रुपैयाँ आम्दानी हुन्छ कि भन्ने अपेक्षा छ ।' उनले सयपत्री फूलखेतीलाई दिगो बनाउन सिँचाइको समस्या बाधक भएको बताए । उनले गाउँपालिकाबाट प्राविधिक सहयोग उपलब्ध भए पनि सिँचाइको अभावमा व्यवसायलाई दिगो बनाउन सकिन्न कि भन्ने चिन्ता लागेको उल्लेख गरे । उनले गाउँपालिकाले अनुदानलगायतका प्राविधिक सहयोगलाई यथावत राखे व्यवसाय विस्तार गर्ने सोचमा आफूहरू रहेको उल्लेख गरे ।
गाउँपालिकाका कृषि शाखा प्रमुख अनुप पौडेलले भने गाउँपालिकाको पूर्ण लगानी भएकाले बारीचौरमा उत्पादित माला बिक्री गरेर भएको आम्दानी पालिकाको राजस्व शाखामा जम्मा गरेको दाबी गरे । उनले चार रोपनी जग्गा पालिका आफैँले प्रतिरोपनी चार हजार पाँच सय का दरले भाडामा लिएर फूलखेती गरेको जनाउँदै श्रममा खटिने सबैलाई पालिकाले नै पारिश्रमिक भुक्तानी गरेको बताए ।
उनले कालीगण्डकी फूलैफूलको पालिका बनाउने योजनाअनुरुप पालिकाभित्रका सात वडाका १६ कृषक तथा समूहलाई ५० प्रतिशत अनुदान उपलब्ध गराएको जानकारी दिए । 'फूलखेती र ड्रागन खेतीका लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरेका थियौँ', उनले भने, 'फूलखेती गर्न चाहेका ३२ कृषकको निवेदन माथि उत्कृष्ट जमिन छनोट गरेर १६ समूह तथा कृषकलाई प्रतिरोपनी अनुमानित लागतको ५० प्रतिशत अनुदानअन्तर्गत नौ हजार रुपैयाँ उपलब्ध गराएका छौँ ।' उनका अनुसार पालिकाभित्र अनुदान लिएर गरेका फूलखेतीमध्ये धरादीका हीरामणि सुवेदी, लसर्गावेशीकी पुष्पासिंह राना, बाँसटारीका रविलाल गौडेल, लालप्रसाद न्यौपाने, इम्सिलका काशीराम न्यौपाने र बारीचौरका घनबहादुरको समूहले गरेको फूलखेती उत्कृष्ट रहेको बताए । उनले फूलखेती गर्ने हरेक कृषकलाई निःशुल्क परामर्श र प्राविधिक सहयोग गरेको बताए । कृषि शाखाले जुनसुकै मौसममा पनि फुल्ने क्रर्मा जातको हाइब्रिड सयपत्री फूलखेती गर्न कृषकलाई सिफारिस गरेको छ । उनले सयपत्री फूल कृषकले बिक्री गर्न नसके बजारीकरणका लागि पालिकाले सहयोग गर्ने बताए । शाखा प्रमुख पौडेलले अघिल्ला दुई वर्ष पाँच प्रदेशका केही ठूला पुष्प व्यापारीको समन्वनमा पालिकाभित्र उत्पादन भएका सयपत्री फूल बिक्री गरेको बताए । कालीगण्डकी पाँच बाँसटारीमा सयपत्री फूलखेती गरेका रविलाल गौडेलले दुई रोपनी क्षेत्रफलमा लगाइएको तिहार लक्षित सयपत्री फूल हुर्कंदै गएको बताए । उनले सयपत्री फूलबाटै आत्मनिर्भर बन्ने आफ्नो योजनालाई गाउँपालिकाले सहयोग गरेको दाबी गरे ।

# विश्वकपमा पराजित भएपछि श्रीलङ्का क्रिकेट बोर्ड बर्खास्त




**एएफपी**
**कोलम्बो ।**
विश्वकपमा भारतसँगको शर्मनाक हारको केही दिनपछि श्रीलङ्काका खेलमन्त्री रोशन रणसिङ्घेले सोमबार राष्ट्रिय क्रिकेट बोर्डलाई बर्खास्त गरेका छन् । व्यापक भ्रष्टाचारको आरोपमा महिनौँदेखि आर्थिक सङ्कटमा परेको मुलुकको सबैभन्दा धनी खेल संस्था श्रीलङ्का क्रिकेट बोर्ड र मन्त्रीबीच विवाद कायम छ ।
श्रीलङ्काको सन् १९९६ विश्वकप विजेता कप्तान ५९ वर्षीय अर्जुना रणतुङ्गालाई नयाँ अन्तरिम बोर्डको अध्यक्षमा नियुक्त गरिएको खेलमन्त्रीको कार्यालयले जनाएको छ ।
उनले भ्रष्टाचारको अनुसन्धानमा सहयोगका लागि सात सदस्यी प्यानलमा तीन जना न्यायाधीशलाई समावेश गरिएको जानकारी दिए । बोर्डका सचिव एवं दोस्रो सबैभन्दा ठूला अधिकारी मोहन डि सिल्भाले पदबाट राजीनामा दिएको एक दिनपछि बोर्डलाई बर्खास्त गरिएको हो । गत साता विश्वकपमा आयोजक भारतसँग श्रीलङ्काको तीन सय दुई रनको हारपछि मन्त्री रणसिङ्घेले सार्वजनिकरूपमा सम्पूर्ण बोर्डको राजीनामा मागेका थिए । मुम्बईमा भारतको तीन सय ५८ रनको स्कोरलाई पछ्याउँदा श्रीलङ्का एक समयमा १४–६ को स्थितिमा थियो र ५५ रनमा अलआउट भयो ।
यो विश्व कपको इतिहासमा चौथो सबैभन्दा कम स्कोर हो । हारपछि सार्वजनिक आक्रोश बढ्यो र शनिबार आक्रोशित विरोध प्रदर्शन भएपछि कोलम्बोमा बोर्डको कार्यालयबाहिर प्रहरी परिचालन गरिएको थियो ।




मधेश प्रदेश का ८ वटा जिल्ला का बाल कल्व संग आबध्द वालवालिकाहरुले मधेश प्रदेश सभा को अवलोकन गरेका छन् । तस्वीरः मधेशदृष्टि

# अधिकारको लडाई अझै नसकिएको सिके राउतको भनाई



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका केन्द्रीय अध्यक्ष डा.सिके राउतले मधेशी जनताको अधिकार स्थापित गराउने लडाईँ अझै नसकिएको बताएका छन् । आफूहरुसँग पर्याप्त बहुमत नभएको कारण मधेश प्रदेशमा आफूहरुले राम्रो काम गर्न खोजेपनि गर्न नदिएको बताए । सोमबार सर्लाहीको कविलासीमा सो पार्टीले आयोजना गरेको शुभकामना आदानप्रदान तथा वृहद पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्न प्रमुख अतिथी भई सर्लाही आउनुभएका प्रतिनिधिसभा सदस्य समेत रहेका डा.राउतले आफूहरुले कृषिको क्षेत्रमा राम्रो गर्ने प्रयास गर्दा गर्दै जिम्मेवारीबाट हटाएको बताए । उनले आफूहरुले जनताको मन जित्ने काम गरेकोले अरु पार्टी त्रसित भएको आयश व्यक्त गर्दै भने,‘जनताको माग पूरा भयो भने यो पार्टी जनताको लोकप्रिय हुन्छ भन्ने सोचियो । त्यसैले हामीले गाउँगाउँमा किसानका लागि मल कारखाना खोल्ने कृषि डाक्टरहरु पठाउने योजना गरेका गरिरहेकै बेला हामीलाई जिम्मेवारीबाट हटाएर विना विभागिय बनाईयो ।’

त्यस्तै उहाँले देशको अवस्था भद्रगोल भई सक्दा पनि मधेश प्रदेश सरकार, केन्द्र सरकार भ्रष्टाचारमा लिप्त भएको बताए । ‘लाखौं युवा विदेशिन बाध्य छन्, स्वदेशमै भएकाहरु पनि दिनदिनै आत्महत्या गर्न बाध्य छन् । यहाँका किसान, यहाँका मजदुर आत्महत्या गर्न बाध्य भईसक्दा पनि शासकलाई कुनै मतलब छैन बरु भ्रष्टाचार गर्न र लुट्न मै मस्त छन् ।’ उनले मधेश प्रदेशका अर्थमन्त्रीलाई लक्षित गर्दै अर्थमन्त्रीले कुनै पनि योजना दिँदा सुरुमै कमिसन जम्मा गर्न लगाएको बताए । उनले जनताको आम समस्या जस्ताको त्यस्तै रहेकोले आफूहरुको संघर्ष पनि अझै जारी रहेको बताए । उनले जनताको हक अधिकार स्थापित गराउन जनमत पार्टीले संघर्षको लडाई लडि नै रहको भन्नुहुँदै आगमी २०८४ सालमा हुने आम चुनावमा जनमत पार्टीलाई मधेश प्रदेशमा दुई तिहाई र केन्द्रमा निर्णायक सिटमा जिताउन आग्रह गरे ।

जिल्ला इन्चार्ज युवा नेता श्रीचन यादवको अध्यक्षतामा कविलासी नगरपालिकाको चोकमा शुभकामना आदान प्रदान तथा वृहद पार्टी प्रवेश कार्यक्रम भएको थियो । सो अवसरमा सामाजिक व्यक्तित्वहरुसहित विभिन्न पार्टी परित्याग गरी ३ सय भन्दा बढी व्यक्तिहरु जनमत पार्टीमा प्रवेश गर्नुभएको जनमत पार्टीका केन्द्रीय सदस्य विवेक शर्माले जानकारी दिए । जनमत पार्टीमा प्रवेश गर्ने नवप्रवेशीहरुमा सामाजिक व्यक्तित्व डा.गुणेश्वर झालगायत नेपाली काँग्रेस, नेकपा एमालेलगायतका दलका नेताकार्यकर्ता रहेका छन् । नव प्रवेशीहरुलाई पार्टीका केन्द्रीय अध्यक्ष सांसद डा.सिके राउत लगायतका नेताहरुले दोसल्ला तथा माला लगाई जनमत पार्टीमा स्वागत गरेका थिए । त्यस्तै सोही अबसरमा प्रमुख अतिथी डा. राउतलाई एक क्विन्टलको माला पहिराई सम्मान गरिएको थियो ।

# अबैधरुपमा उत्खनन् गर्ने तीन ट्याक्टर नियन्त्रणमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अबैध ढंगले नदीजन्य पदार्थ उत्खनन् गरेको भन्दै ३ वटा ट्याक्टरहरु धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ । सोमबार धनुषको मिथिला नगरपालिका वडा नम्बर २ स्थित औरही खोला र जलाद खोलाबाट अबैध ढंगले नदीजन्य पदार्थ उत्खनन् गरिरहेको अवस्थामा ज १ त ३८६९, प्र २–०२–००१ त २०४९ र नम्बर नखुलेको ट्र्याक्टरहरु गरी ३ वटा ट्याक्टरहरुलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको हो ।

ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको गस्ती टोलीले अबैध रुपमा नदीजन्य पदार्थ उत्खनन् गर्दै गरेको अवस्थामा ट्याक्टरहरुलाई नियन्त्रणमा लिई ईप्रका महेन्द्रनगरमा ल्याई थप अनुसन्धान कार्य भई रहेको धनुषा प्रहरीका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए ।

# क्रान्तिकारी कम्युनिष्ट पार्टीको प्रशिक्षण गोलबजारमा सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल केन्द्रीय स्कुल विभागको आयोजनामा एक नम्बर प्रदेश र मधेश प्रदेशको संयूक्तरुपमा प्रशिक्षण सुरु भएको छ ।

प्रदेश नम्बर एक र मधेश प्रदेशमा आवद्ध केन्द्रीय महाधिवेशन आयोजक समितिको केन्द्रीय स्कुलिङ कार्यक्रम सिराहाको गोलबजारमा सोमबारबाट प्रशिक्षण सुरु भएको हो ।

पार्टी केन्द्रीय कार्यालय तथां केन्द्रीय स्कुल विभाग सदस्य सुदर्शनको अध्यक्षतामा विभागका सदस्य आमोदको सञ्चालनमा उद्घाटन गरिएको यस कार्यक्रममा पार्टीका केन्द्रीय कार्यालय सदस्य एवं प्रशिक्षकहरु प्रतीक, एसटी, निर्मल र मधेश प्रदेशका संयोजक रमेशले स्कुलिङ कार्यक्रमको आवश्यकता र महत्वमाथि प्रकाश पारेका थिए ।

कार्तिक १९ देखि २४ गतेसम्म सञ्चालन रहने केन्द्रीय स्कुलिङ कार्यक्रममा प्रतीक, सुदर्शन, एसटी, निर्मल, आमोद, खलिलले दर्शनशास्त्र, वैज्ञानिक समाजवाद र राजनीतिक अर्थशास्त्र सम्बन्धी विभिन्न विषयमा प्रशिक्षित गर्ने क्रान्तिकारी कम्युनिष्ट पार्टीले जनाएको छ ।

# मधेश सरकारले भुकम्प प्रभावित क्षेत्रमा खाद्यान्न पठाउने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले भूकम्प प्रभावित क्षेत्रमा राहत स्वरुप ६० लाख मूल्य बराबरको खाद्यान्न सामाग्री पठाउने भएको छ ।

मधेस प्रदेशको विपद व्यवस्थापन समितिको बैठकबाट गत शुक्रबार जाजरकोटमा गएको भूकम्प प्रभावित क्षेत्रमा ६० लाख बराबरको खाद्यान्न सामाग्री पठाउने निर्णय गरेको हो । भूकम्प प्रभावित क्षेत्रमा राहत स्वरुप चामल, दाल, नुन लगायतका खाद्यान्न सामाग्री पठाउने निर्णय गरिएको मधेस प्रदेशको गृह, संचार तथा कानून मन्त्री मोहम्मद समिमले जानकारी दिए । उनले खाद्यान्न सामाग्री पठाउने निर्णय विपद व्यवस्थापन समितिबाट गरेसंगै सोका लागि अर्थ मन्त्रालयबाट रकम माग गर्ने बताए । मन्त्री समिमले मन्त्रीपरिषद बैठकबाट समेत निर्णय गरेर सो सामाग्री पठाउने बताए ।मधेश सरकारले नेपाल सरकारको गृह मन्त्रालय मार्फत खाद्यान्न सामाग्री भूकम्प प्रभावित क्षेत्रमा पठाउन लागेको गृह संचार तथा कानून मन्त्री समिमले बताए ।

# बन्दुक देखाएर लुटपाट




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीमा बन्दुक देखाएर लाखौ रुपैयाँको लुटपाट भएको छ ।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नम्बर ८ स्थित रतवारामा गएराति डाकाहरुको समूहले बन्दुक देखाएर जयकिशोर चौधरीको घरमा लुटपाट गर्दै ५० लाख रुपैयाँ भन्दा बढीको लुटपाट गरेका छन् ।

घरधनी जयकिशोर चौधरीको घरमा गएराति १:३० बजे पेस्तोल, खुकुरी, रड र अन्य हतियारसहित प्रवेश गरेका नकाबधारी पाँच डाकाको समूहले परिवारजनलाई नियन्त्रणमा लिएर लाखौँको लुटपाट गरेको महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले जनाएका छन् । लुटेराहरुले जयकिशोर चौधरी, उनकी पत्नी सीमा, उनको बुवा भुवनेश्वर र उनको आमा शैलदेवी चौधरीमाथि पेस्तोल देखाउँदै नियन्त्रणमा लिएर सबैलाई भान्सा कोठामा बन्द गरेर लुटपाट गरेको उनले बताए । प्रहरी उपरीक्षक मल्लले अन्य कोठामा रहेका दराज, बाकसलगायत तोडफोड गरी लाखौँ रुपैयाँको सुन, चाँदी र नगदसमेत लुटपाट गरेको बताए । घरको पछाडिबाट घरमा छिरेका लुटेराहरुले घरमा सुतिरहेका चारै जनामाथि धारिलो हतियार प्रहार गर्दै टाउको फुटाउनुका साथै हात, मुक्का र लातीले आधा घण्टासम्म कुटपीट गरी लुटपाट गरेको पीडित जयकिशोर चौधरीले बताए । डाकाको प्रहारबाट घाइते भएका चौधरी परिवारजनलाई प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको प्रहरी उपरीक्षक मल्लले बताए ।

लुटेराहरुले चौधरीको घरबाट एक लाख रुपैयाँ नगद, ४० तोला भन्दा बढी सुनका गरगहना, अढाई किलो चाँदीका गरगहना, एक लाख ७५ हजार मूल्य बराबरको मोबाइल फोन १ थान गरी ५० लाख रुपैयाँ भन्दा बढीको लुटपाट गरेको पीडित चौधरीले बताए ।वृद्ध भुवनेश्वर चौधरीको टाउकोमा आठवटा टाँका लागेको छ भने अन्यको पनि टाउकोमा चोटपटक लागेको प्रहरी उपरीक्षक मल्लले बताए । यता महोत्तरी प्रहरीले थप अनुसन्धान प्रक्रिया अघि बढाइएको जनाएको छ । यसका लागि विशेष प्रहरी परिचालन गरिएको प्रहरी उपरीक्षक मल्लले बताए ।

# जनकपुरधाममा नमूना बाल संसद सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बालवालिमा राजनीति प्रति बढेको विस्तृष्णालाई कम गर्न तथा संसदीय अभ्यासको विषयमा अभ्यस्त गराउनका लागि मधेश प्रदेश स्तरीय नमूला बाल संसद सभा वैठक सोमबार सम्पन्न भएको छ ।

वालवालिकामा रहेको अन्तरनिहित क्षमताको विकास गर्दै नेतृत्व क्षमताको विकासका लागि सेभ द चिल्ड्रेन र आममान नेपालको सहकार्यमा जनकपुरधाममा नमूना संसद वैठक आज सम्पन्न भएको छ । नमूना बाल संसदमा १५ वर्ष देखि १७ वर्षसम्मका वालवालिकाहरु सहभागि रहेका थिए ।

आसमान नेपालको संकल्प परियोजना मार्फत भएको मधेश प्रदेशको नमूना संसदमा ४ मन्त्री सहित १८ सत्तापक्ष तथा १४ जना प्रतिपक्षी वाल सांसदका बीचमा प्रदेश सभा सञ्चालनको विषयमा अभ्यास गरिईएको थियो ।

विद्यार्थी वालवालिकाहरु निक्कै अभ्यस्त तरिकाले संसदीय गतिविधि सञ्चालन गरेका थिए । नमूना वाल संसदमा वाल प्रदेश प्रमुखले प्रदेश सरकारको आर्थिक वर्ष २०८०–८१ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुका साथै प्रदेश सभा सञ्चालनको क्रममा हुने गरेको विषेश समय, शुन्य समय, विषेश समयमा उठेको जिज्ञासाहरुको जवाफ नमूना मूख्यमन्त्री तथा अन्य मन्त्रीहरुवाट दिने काम भएका थिए । प्रदेश सभामा रहने सभामुख तथा प्रदेश सचिव सहितको भूमिकामा वालपालिकाहरु रहेका थिए । मधेश प्रदेशका ८ वटै जिल्लामा रहेका वडा देखि प्रदेशसम्मका वाल क्लवहरुको सहभागितामा रहेको नमूना वाल संसदले वालवालिको क्षमताको विकास गर्ने विश्वास सेभ द चिल्ड्रेनको रहेको संस्थाका नीति संयोजक झम्केश्वर ओझाले जानकारी दिएका छन् ।

नमूना वाल संसदको निर्माण पनि क्लष्टरको आधारमा गर्नुका साथै वालिकाको सहभागिता उच्च बनाउने काम भएका थिए । यसमा प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, सहितका महत्वपूणर् पदहरुमा वालिकाहरु नै रहेका थिए । नमूना वाल संसदमा वालवालिकाहरुले गरेको अभ्यास कुनै जिम्मेवार पदाधिकारी भन्दा कमजोर रहेका थिएन ।



# पर्साका मालपोत अधिकृत सहित तीनजना माथि विशेषमा मुद्दा




**मधेशदृष्टि**
**वीरगंज ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय, पर्साका तत्कालीन ५ जना मालपोत अधिकृत, १ जना कम्प्यूटर अधिकृत, १ जना नायब सुब्बालाई राजस्व चुहावटको आरोपमा ११ करोड १० लाख ३९ हजार ९ सय ५० रुपैया भ्रष्टाचार गरेको आरोपमा सोमबार विशेष अदातलमा मुद्दा दायर भएको छ । मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रविरुद्ध राजस्व चुहावटको आरोपमा २ करोड ९ लाख ३१ हजार ६ सय ४७ रुपियाँ भ्रष्टाचार मुदा दायर भएको अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयका सहायक प्रवक्ता देवी प्रसाद थपलियाले बताए । तत्कालिन अधिकृत मिश्रले आर्थिक वर्ष २०७१÷७२ मा मालपोत कार्यालय, पर्साको फाँट 'ग' को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र सोमध्ये बढी राजस्व रकम उठेको लिखतको विवरण रजिष्ट्रेशन लिखत दर्ता किताबमा प्रविष्टि गरी किताबमा प्रमाणित गर्नुपर्नेमा दर्ता किताब प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट सङ्कलन भएको सो रकम भ्रष्टाचार गरेकाले २ करोड ९ लाख ३१ हजार ६४७ को दोब्बर रकम जरिवाना हुन मागदाबी लिइ विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको थपलियाले बताए । यसैगरी, सोही मालपोत कार्यालयका तत्कालीन अधिकृत भुप बहादुर बोगटीले आर्थिक वर्ष २०७१÷७२ मा सोही जग्गामा लिखत दर्ता किताबमा प्रविष्टि प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भइ सङ्कलन भएको एक करोड ४९ लाख ६९ हजार १४५ रुपियाँभन्दा दोब्बर जरिवाना हुन मागदाबी लिइ भ्रष्टाचारको आरोप लागेको आयोगले जनाएको छ । सोही आरोपमा तत्कालीन मालपोत अधिकृत गोपाल ढुङ्गानाविरुद्ध ३५ लाख ४५ हजार ९५० रुपियाँभन्दा दोब्बर जरिवाना हुन समेतको मागदाबी लिइ भ्रष्टाचार आरोप लागेको छ ।

आयोगका अनुसार तत्कालीन अधिकृतहरु पदम प्रसाद अर्यालविरुद्ध १६ लाख ८१ हजार ६०० रुपियाँको दोब्बर, अधिकृत चन्द्र बहादुर भण्डारीविरुद्ध दुई लाख ४४ हजार ४६२ भन्दा दोब्बर जरिवाना, अधिकृत कमोद तिवारीविरुद्ध एक करोड ४१ लाख ४७ हजार १७१ भन्दा दोब्बर जरिवानासहित मागदाबी लिइ भ्रष्टाचार मुद्दा दायर भएको छ । यसैगरी, सोही कार्यालयमा तत्काली नायब सुब्बा किरण प्रसाद उपाध्यायविरुद्ध ५ करोड ५५ लाख १९ हजार ९७५ रुपियाँको दोब्बर जरिवाना हुन मागदाबी लिइ भ्रष्टाचार आरोपको मुदा दायर भएको आयोगले जनाएको छ । यस मुद्दामा उपााध्यायका अंश खाने अंशियार छोराहरु राज किशोर प्रसाद उपााध्याय, गौतम प्रसाद उपाध्याय, पशुपती प्रसाद उपायध्याय र मुरारी प्रसाद उपााध्यायविरुद्ध सो रकम असुलउपर गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरिएको आयोगले जनाएको छ । पर्सा मालपोतका तत्कालिन सबै कर्मचारी अवकाश भई सकेको र दोब्बर जरिवाना सहित मुद्दा दायर भएका नायब सुब्बा किरण उपाध्यायको मृत्यु समेत भई सकेको अवस्थामा उनिहरुका छोरा विरुद्ध मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

# नेपाल पुलिस क्लबको फराकिलो जित





**मधेशदृष्टि**
**वीरगंज ।**

प्रथम वीरगंज गोल्डकप फुटबल प्रतियोगितामा नेपाल पुलिस क्लव काठमाडौँ विजयी भएको छ । वीरगंजस्थित आदर्शनगर रंगशालामा प्रतियोगिता अन्तर्गत सोमबारको खेलमा नेपाल पुलिस क्लव काठमाडौँले भारत कोलकत्ताको क्लाईभ हाउस डमडमलाई १ का विरुद्ध ७ गोलले पराजित गरेको हो । नेपाल पुलिस क्लबका जर्सी नम्बर ८ का खेलाडी प्रताप गुरुङले ह्याट्रिकसहित पाँच गोल गरे । गुरुङले खेलको २३ औं, ३१ औं, ३३ औं, ६१ औं र ६२ औं मिनेटमा गरी ५ गोल गरेका थिए । पुलिसकै जर्सी नम्बर २४ का विवेक सन्तोषीले खेलको ३५ औं मिनेटमा १ गोल थपेका थिए । त्यसैगरी खेलको ४५ औं मिनेटमा पुलिसका जर्सी नम्बर १४ का प्रविण थापाले १ गोल गरेका थिए । खेलको पहिलो हाफ मै पुलिसले क्लाईभ हाउस डमडमविरुद्ध शून्यको विरुद्ध ५ गोलको अग्रता लिएको थियो । खेलको दोस्रो हाफमा गुरुङले थप दुई गोल गर्दै नेपाल पुलिसलाई ७ गोलको अग्रता दिलाएका थिए । एकदमै प्रतिस्पर्धात्मक मानिएको



खेलमा नेपाल पुलिस क्लवको अगाडी भारत कोलकत्ताको क्लाईभ हाउस डमडम क्लव निरिह बनेको थियो । पुलिसका खेलाडीले फल गरेपछि क्लाईभ हाउस डमडमले पेनाल्टी पाएको थियो । त्यसको सदुपयोग गर्दै खेलको ८४ औँ मिनेटमा जर्सी नम्बर ७ का खेलाडी अमन मुन्सीले क्लाईभका लागि सान्तवना गोल फर्काएका थिए । सोमबारको खेलमा पुलिसका लागि ५ गोल गर्ने प्रताप गुरुङ म्यान अफ दि म्याच घोषित भए । मधेस प्रदेशकै सर्वाधिक धनराशीको यो प्रतियोगिता आगामी कार्तिक २५ गते सम्म वीरगंजमा जारी रहने छ । प्रतियोगिताको उपाधि विजेता टिमले नगद ११ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेता टिमले नगद ५ लाख ५५ हजाार ५ सय ५५ रुपैयाँ पुरस्कार पाउने जनाईएको छ । प्रतियोगिताको मुख्य प्रायोजक वीरगंज महानगरपालिका रहेको छ । आज दिउँसो साढे तीन बजे हुने खेलमा त्रिभुवन आर्मी क्लब काठमाडौँ र झापा एएफसीबीच प्रतिस्पर्धा हुँदैछ ।

# सिर्सिया नदीको फोहर नियन्त्रण गर्न ट्रिटमेन्ट प्लान्ट बनाईदै



**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाको निरन्तरको अनुगमन र कारबाही पछि सिर्सिया नदी प्रदुषण गर्न मुख्य जिम्मेवार रहेका उद्योगहरुले ट्रिटमेन्ट प्लान्ट बनाउन सुरु गरेका छन् ।

महानगरका मेयर राजेशमान सिंहले कार्यभार सम्हाले लगत्तै गएको वर्षबाटै अनुगमन र कारबाहीलाई तिब्रता दिएपछि प्रदुषण नियन्त्रणका लागि उद्योगीहरुले उद्योगबाट निस्कने रसायनयुक्त लेदो तथा फोहोर ट्रिटमेन्ट गर्न प्लान्ट बनाउन सुरु गरेका हुन् । नदी प्रदुषण मुक्त बनाउन नदीको आसपास रहेका उद्योगहरु नै मुख्य जिम्मेवार देखिएकाले तत्काल फोहोर पानी सोझै नदीमा मिसाउन बन्द नगरे कारबाही सँगै उद्योगमा नै शीलबन्दी गर्ने मेयर सिंहले चेतावनी पछि उद्योगीहरु ट्रिटमेन्ट प्लान्ट बनाउन तयार भएका हुन् ।

यस अघि नदी प्रदुषणमा मुख्य जिम्मेवार देखिएका ५ वटा उद्योगलाई पटक पटक चेतावनी दिँदा पनि प्रदुषण गर्न नछाडेपछि ३÷३ लाख रुपैयाँ जरिबाना गरिएको थियो । उद्योगबाट निस्कने केमिकल सहितको लेदो तथा फोहोर पानी सोझै नदीमा मिसाउँदा नदी दुर्गन्धित र प्रदुषित बन्न पुगेको हो । महानगरको निरन्तरको अनुगमनपछि मरियम लेदर उद्योग र अरनिको टेक्सटायल्सले अत्याधुनिक ट्रिटमेन्ट प्लान्ट बनाउने काम अघि बढाइसकेको छ । ग्लोबल लेदर, मारुती पल्स एण्ड पेपर, दुर्गा पल्स एण्ड पेपर र सिद्धी टेक्सटायल्सले भने अझै अटेर गरेको भेटिएको महानगरद्वारा गठित सिर्सिया नदी प्रदुषण नियन्त्रण समितिले जनाएको छ । समितिले आइतबार र सोमबार नदी आसपासमा रहेका उद्योगहरुको अनुगमन गरेको थियो । यस अघि महानगरपालिकाका मेयर राजेशमान सिंह आफैले नदीको अनुगमन गरेका थिए ।

# कलबार अपहरण मुक्त



**मधेशदृष्टि**
**वीरगंज ।**

अपहरणमा परेका पर्साको कालिकामाई गाउँपालिका ४ पशुरामपुर निवासी ७५ वर्षिय नथुनी साह कलवारको पर्सा प्रहरीले सकुशल उद्धार गरेको छ । बिहार पुलिसको सहयोगमा सिमावर्ती भारतको भेलाही बजारबाट कलवारलाई अपहरणमुक्त गरिएको हो । ईलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरिक्षक मोहन विक्रम केसीको नेतृत्वमा खटिएको सुरक्षाकर्मीको टोलीले भारतको विहार पश्चिम चम्पारण भेलाही थानाको समन्वयमा कलवारलाई सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । आईतबार साँझ वीरगंजबाट घर जाने क्रममा प्रसौनी भाठाबाट ५ जना अपरिचित व्यक्तिले कलवारलाई अपहरण गरि भारतको भेलाहीमा रहेको बिनोद वर्णवालको घरमा राखेका थिए । प्रहरीको विशेष सुचनाको आधारमा उनलाई उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । अपहरण मुक्त कलवारलाई सोमबार परिवारको जिम्मा लगाइएको र घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# संघीयता र समावेशी खारेज भए लोकतन्त्र खतरामाः उपेन्द्र यादव

**मधेशदृष्टि**
**वीरगंज ।**

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले संघीयता र समावेशी खारेज गर्न एउटा पक्ष लागिरहेको आरोप लगाएका छन् ।

दिपावली तथा छठ पर्वका अवसरमा बाराको तेलकुवा महादेव मन्दिरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले संघीयता र समावेशी खारेज भए लोकतन्त्र खतरामा पर्ने बताए ।

'संघीयता कार्यान्वयन गर्नका लागि पुलिस, कर्मचारी प्रशासन, आर्थिक स्रोत प्रदेशलाई हस्तान्तरण गरोस्, प्रदेशलाई अधिकार सम्पन्न गर्न कानुन बनाइयोस्', अध्यक्ष यादवले भने । यादवले ५३ प्रतिशत जनसंख्या भएको मधेश प्रदेशलाई संघीय सरकारले जम्मा १२ प्रतिशतमात्रै बजेट विनियोजन गरेको भन्दै यहाँको विकास हुन कति वर्ष लाग्ला भनेर सोच्नुपर्ने गम्भीर विषय उब्जेको बताए ।



'हामीलाई अधिकार, सुशासन, प्रशासन आफ्नो चाहियो, संघीय सरकारले पठाएका प्रशासन हामीलाई चाहिँदैन। संघीयताको अर्थ केन्द्रमा साझेदारी, प्रदेशमा आफ्नो शासन, प्रशासन हो, तबमात्र अधिकार सुरक्षित हुन्छ', जसपा अध्यक्ष यादवले भने ।उनले जथाभावी चुरे उत्खनन गर्दा त्यसको प्रत्यक्ष असर मधेश प्रदेशमा परेको बताउँदै चुरे क्षेत्रमा दोहन गरेर मधेसलाई मरुभूमि बनाउने कुनै निर्णय भए मधेशका जनतालाई पाच्य नहुने बताए । फरक प्रसंगमा अध्यक्ष यादवले वीरगंज चिनी कारखाना, कृषिऔजार कारखाना, वराटनगर जुटमिल, हेटौंडा कपडा कारखाना, बाँसबारी जुत्ता, हेटौंडा सिमेन्ट कारखाना चाँडोभन्दा चाँडो सञ्चालन गर्न सरकारसँग मागसमेत गरे ।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जसपाका मधेश प्रदेशका अध्यक्ष रामबाबुकुमार यादव, नेताहरु रामकिशोर यादव, रामबाबु यादव, पारस साह, बच्चा यादव र शारदा शंकर जयसवालले शुभकामना व्यक्त गरेका थिए ।

# नारायणी अस्पताल विकास समितिको अध्यक्षमा गुप्ता

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजको नारायणी अस्पताल विकास समितिको अध्यक्षमा नेपाली कांग्रेसका युवा नेता धिरज कुमार गुप्ता नियुक्त भएका छन् । संघ सरकार मातहत रहेको मधेस प्रदेशकै सबै भन्दा ठूलो अस्पतालको रुपमा रहेको नारायणी अस्पतालको विकास समितिको अध्यक्षमा गुप्ता नियुक्त भएका हुन् । वीरगंज निवासी गुप्तालाई गत कार्तिक १७ गतेको मन्त्रिस्तरीय निर्णयबाट अध्यक्षमा गुप्तालाई नियुक्त गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति अनुगमन तथा योजना महाशाखाले जनाएको छ । संघ सरकारको



स्वास्थ्य तथा जनसंख्यामन्त्री कांग्रेसबाट निर्वाचित मोहनबहादुर बस्नेत छन् । मन्त्री बस्नेतले गुप्तालाई तीन वर्षका लागि अध्यक्षमा नियुक्त गरेका हुन् । नारायणी अस्पताल विकास समिति (गठन) आदेश २०७६ को दफा ३ को उपदफा (२) (क) मा भएको व्यवस्था बमोजिम अध्यक्ष पदमा गुप्तालाई तीन वर्ष पदावधी रहने गरि नियुक्त गरिएको मन्त्रालयले कार्तिक १९ गते जारी गरेको पत्रमा उल्लेख छ । यसै विच सोमबारनै गुप्ताले अस्पताल विकास समितिको अध्यक्षको कार्यभार सम्हालेका छन् ।

# एमालेले कोशी प्रदेशको समर्थन फिर्ता नलिने

**मधेशदृष्टि**
**वीरगंज ।**

नेकपा एमालेले कोशी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता नलिने निर्णय गरेको छ । मुख्यमन्त्री केदार कार्कीले माओवादी केन्द्र र एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराएपछि एमालेका मन्त्री राम रानाले शनिबार राजीनामा दिएका थिए । तर सोमबार बसेको संसदीय दलको बैठकले तत्कालका लागि समर्थन फिर्ता नलिने निर्णय गरेको प्रमुख सचेतक रेवतीरमण भण्डारीले जानकारी दिए ।




समर्थन कहिलेसम्म ? भन्ने प्रश्नमा उनले सरकारको काम कारबाही र परिस्थिति हेरेर निर्णय गर्ने बताए । सोमबार कार्यसूचीमा रहेको बजेटसम्बन्धी अध्यादेश स्वीकृत गर्न सहयोग गर्ने र संसदको प्रमुख प्रतिपक्षमा बस्ने एमाले प्रमुख सचेतक भण्डारीले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन